इंगमको

# K-1 का लागि पारिवारिक साक्षात्कार पात्रो



Ingham Intermediate School District
A Regional Educational Service Agency

# यो पात्रो कसरी प्रयोग गर्ने



घरबाट सिकाइ प्रक्रिया सुरु हुन्छ! परिवारहरूले आफू समर्थित भएको महसुस गरुन् र उनीहरूलाई प्रारम्भिक बाल्यावस्थाभरि बालबालिकाहरूलाई कसरी प्रोत्साहन गर्ने भन्ने कुरा थाहा हुनु महत्वपूर्ण छ । यो पात्रो तपाईंले बच्चालाई **किन्डरगार्टन र प्रथम ग्रेड** को सफलताको तयारीमा कसरी सहयोग गर्न सक्नुहुन्छ भन्ने कुराको बारेमा तपाईंलाई केही सूचना तथा मागदर्शन प्रदान गर्ने उदेश्यले विकास गरिएको हो ।

यो पात्रोमा मिशिगनको K-12 का अङ्ग्रेजी भाषा कला र गणितका मानकहरू, प्रारम्भिक साक्षरताका आधारभूत शिक्षण अभ्यासहरूका सम्बन्धमा बालबालिकाको सफलतामा कसरी सहयोग गर्ने र मिशिगनलाई 10 मा शिर्ष 10 बनाउन कसरी सहयोग गर्ने सम्बन्धमा विभिन्न खालका जानकारीहरू छन् । PA 306, ग्रेड तीनअनुसारको पठनसम्बन्धीकानुनलाई समर्थन गर्ने संसाधन पनि हो ।

- दैनिक क्रियाकलापहरू तपाईंको बच्चाको उमेर, चाहना वा सीपको स्तर अनुसार अँगाल्न सकिन्छ ।
- यो पात्रो कुनै पनि वर्ष प्रयोग गर्न मिल्ने गरि रचना गरिएको छ । खाली बक्सलाई खाली छोड्न, पूरा भएका क्रियाकलापहरू चिन्ह लगाउन, वा मिति लेख्न प्रयोग गर्न सकिन्छ ।
- प्रत्येक महिनाले तपाईंलाई भ्रमण गर्न मन लागेको संसाधनलाई इङ्गित गर्छ ।

किन्डरगार्टन देखि ग्रेड तीनसम्म विकसित भएको साक्षरताको ज्ञान र सीपले भविष्यको साक्षरताको विकासको बारेमा भविष्यवाणी गर्छ । हप्ताको हरेक दिन फरक क्षेत्रमा केन्द्रित हुन्छ । अनुसन्धानले हामीले साक्षरताका आधारभूत क्षेत्रहरूमा ध्यान दिँदा जवान बच्चाहरू सशक्त पाठक र लेखकको रूपमा विकसित हुन्छन् भन्ने कुरा देखाउँछ ।

## आइतबार: बोध

बोध भनेको पढेको कुराको बुझाइ र अर्थ निकाल्ने क्षमता हो । यसले निम्न कुराहरूलाई समेट्छ:

- महत्त्वपूर्ण जानकारीमा ध्यान दिने
- निश्चित अर्थ र शब्द र पाठहरू व्याख्या गर्ने
- मुख्य विचार पहिचान गर्ने
- प्रश्नहरूको जबाफ दिने
- पठनबाट प्राप्त गरेको जानकारी प्रयोग गर्ने

## सोमबार: स्वनिमिक बोध

स्वनिमिक बोध भनेको ध्वनि सुन्ने, छुट्ट्याउने र नियन्त्रण गर्न सक्ने क्षमता हो । यसले निम्न कुराहरूलाई समेट्छ:

- एकल ध्वनि र शब्दमा भएको ध्वनि पहिचान गर्ने
- ध्वनिहरू जोडेर शब्द बनाउने
- शब्दहरूमा ध्वनिहरू थप्ने
- शब्दहरू छुट्ट्याउने र तिनीहरूलाई फरक-फरक ध्वनिमा विभाजन गर्ने
- **सुझाव: तपाईंले /b/ देख्नुभयो भने, यसलाई यो अक्षरले बनाउने ध्वनिको रूपमा वाचन गरिन्छ ।**

## मङ्गलबार: नादविद्या

नादविद्या भनेको अक्षरहरू र अक्षरहरूले प्रतिनिधित्व गर्ने ध्वनिहरू बीचको सम्बन्ध बुझ्न सक्ने क्षमता हो । यसले निम्न कुराहरूलाई समेट्छ:

- लिखित भाषाका अक्षरहरू र शब्दहरू बीचको सम्बन्ध । उदाहरणको लागि, अक्षर “n” ले nice, र new मा **/n/** को ध्वनिलाई प्रतिनिधित्व गर्छ
- उच्चारण-एकाइको ढाँचा
- शब्दका भागहरू (उपसर्गहरू, प्रत्ययहरू, र मूल शब्दहरू)

## बुधबार: पोख्तता

पोख्तता भनेको बुझाइमा सहयोग पुग्ने गरी उचित गति, सटीकता, अभिव्यक्ति र वाक्यांशहरू मिलाएर वाचन गर्ने क्षमता हो । यसले निम्न कुराहरूलाई समेट्छ:

- स्वचालित रूपमा शब्द पहिचान गर्ने
- ठीकसँग शब्द पहिचान गर्ने
- अभिव्यक्ति प्रयोग गर्ने

## बिहिबार: शब्दावली

प्रभावकारी रूपमा संवाद गर्न हामीले जान्ने पर्ने शब्दहरू । यसले निम्न कुराहरूलाई समेट्छ:

- मौखिक शब्दावली - हामीले बोल्न वा सुनेको कुरा पहिचान गर्न प्रयोग गर्ने शब्दहरू
- पठनका शब्दावली - हामीले मुद्रणमा पहिचान गर्ने वा प्रयोग गर्ने शब्दहरू

## शुक्रबार: सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान

सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञानले साक्षरतालाई पूर्णता दिन्छ र यसलाई कहिलेकाहीं “गणितीय साक्षरता पनि” भनिन्छ । यसले निम्न कुराहरूलाई समेट्छ:

- सङ्ख्या र अन्य गणितीय अवधारणाहरू प्रयोग गरेर तर्क दिने क्षमता
- विभिन्न प्रसङ्ग र समस्याहरू हल गर्न गणितीय अवधारणाहरू प्रयोग गर्ने
- तर्कसङ्गत रूपमा सोच्ने र तर्क दिने

## शनिबार: लेखन

लेखनले बालबालिकाहरूलाई आफैलाई अभिव्यक्त गर्ने अवसर प्रदान गर्छ । यसले निम्न कुराहरूलाई समेट्छ:

- आफ्ना साक्षरताका सीपहरू रचनामा बदल्ने
- आफूसँग भएको अक्षर/ध्वनिको सम्बन्धको ज्ञान प्रयोग गर्ने
- आफ्ना अनुभव र भावनाहरू संवाद र आदान-प्रदान गर्ने

# आफ्नो मनपर्ने कुरामा रमाउने



हामीले बच्चाको ध्यान के ले खिच्छ भनेर एक पटक नजिकबाट नियालियौं र उनीहरूका रुचिहरूमा सामेल हुने तरिकाहरू खोज्यौ भने, हामी उनीहरूको साक्षरताका सीपहरू निर्माण हुने तरिकाहरूले उनीहरूसँग अन्तरक्रिया गर्न सक्छौं । पठनको उत्साह जगाउन बच्चालाई मनपर्ने केही पुस्तक, गीत र कथाहरू प्रयोग गर्नुहोस् ।

रोजाइ सिकाइको एउटा उत्प्रेरणा हो!

**महिनाको राइम/गीत: Twinkle, Twinkle, Little Star**

Twinkle, Twinkle, little star,
How I wonder what you are.
Up above the world so high,
Like a diamond in the sky.
Twinkle, Twinkle, little star,
How I wonder what you are!

**क्रियाकलापहरू**

तपाईं "sky" सँग छन्द मिलेका कुन-कुन शब्दहरू सोच्न सक्नुहुन्छ ?
तपाईं "st-" बाट सुरु भएका कुन-कुन शब्दहरू सोच्न सक्नुहुन्छ ?
हावामा हीराको आकार बनाउनुहोस्!
फरक आकार मानेर कविता पुनर्लेखन गर्नुहोस् ।

## सेप्टेम्बर

बच्चासँग PBS Parents अन्वेषण गरेर आफूलाई मनपर्ने कुरामा रमाउन तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: *http://www.pbs.org/parents/.*

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| **हप्ता 1** | पृष्ठभूमिको ज्ञानले बालबालिकालाई मानिस, ठाउँ र चीजहरूसँग सम्बन्ध स्थापित गर्न दिन्छ । पढ्नु अगाडि, तपाईंलाई कथाको बारेमा के थाहा हुन सक्छ सोच्नुहोस् । | आफ्नो बच्चालाई एउटा शब्द भन्न लगाउनुहोस् र बच्चालाई उक्त शब्दमा भएका ध्वनिहरूको बारेमा बताउनुहोस् । उदाहरणको लागि hot: **/h/ /o/ /t/** | **A** दिनको अक्षर हो । सँगै "**A**" बनाउनुहोस्/कोर्नुहोस् । Apple मा जस्तै **/a/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | बच्चालाई यी शब्दहरू 3 पटक भन्न लगाउनुहोस्: I, am, the, little, a, to, have, is, my, like. | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्: भावनाहरू अनुभवहरू बलिया पक्षहरू | आजको दिनका सङ्ख्याहरू 1 र 19 हुन् । बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्ने कुरामा सहयोग गर्नुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | बच्चालाई उनीहरूको मनपर्ने लेखकलाई चिठ्ठी लेख्न र साथमा उनीहरूको मनपर्ने पुस्तकको चित्र राख्न सहयोग गर्नुहोस् । |
| **हप्ता 2** | पढ्नु अगाडि बच्चालाई उक्त विषयको बारेमा के थाहा छ कुराकानी गर्नुहोस् । | आफ्नो बच्चासँग, ध्वनिको सफारीमा जानुहोस् । बच्चालाई एउटा अक्षरको ध्वनि चयन गर्न लगाउनुहोस् र हिंडाइमा निस्कनुहोस् र उक्त ध्वनिमा सुरु र अन्त्य हुने सामाग्रीहरू खोज्नुहोस् । उदाहरणको लागि, **/t/** table, ant. | ABC गीत गाउनुहोस् । आफ्नो बच्चालाई औंलाले हावामा अक्षरहरू बनाउन सहयोग गर्नुहोस् र त्यसपछि खुट्टाले पनि प्रयास गर्न लगाउनुहोस् । | आफ्नो बच्चालाई उनीहरूले कार्डमा सिक्न खोजिरहेको अक्षरहरू लेख्न सहयोग गर्नुहोस्; त्यसपछि यी शब्दहरू प्रयोग गरेर जे पायो त्यही वाक्य बनाउनुहोस् । | परिवारका तस्विरहरू प्रयोग गरेर भावनाहरू तर्फ सङ्केत गर्नुहोस् । आफ्नो बच्चासँग मिलेर यो अवसरलाई परिवारका सदस्यहरूले महसुस गरिरहेका भावनाहरूको बारेमा कुराकानी गर्न प्रयोग गर्नुहोस् । | आफ्नो बच्चासँग मिलेर आफ्नो घरमा भएको तीनवटा वस्तुको लम्बाइ नाप्नुहोस् । यी वस्तुहरूलाई सबैभन्दा छोटोबाट सबैभन्दा लामोको क्रममा राख्नुहोस् । | बच्चालाई उनीहरूलाई मनपरेको पुस्तक पढ्न र नयाँ अन्त्य लेख्न सहयोग गर्नुहोस् । |
| **हप्ता 3** | लेखकको उदेश्य: लेखकहरू कुनै कारणले लेख्छन्, जस्तै जानकारी दिन, मनोरञ्जन दिन र विश्वस्त पार्न । बच्चालाई आज पढेको कथामा लेखकको उदेश्य निर्धारण गर्न सहयोग गर्नुहोस् । | आफ्नो बच्चासँग मिलेर 3-4 वटा ध्वनि भएका शब्दहरू छनौट गर्नुहोस् । दिन भर कुनै पनि समय यो शब्द उच्चारण हुँदा, बच्चालाई शब्दमा भएका ध्वनिहरू उच्चारण गर्न लगाउनुहोस् । | **B** दिनको अक्षर हो । सँगै "**B**" बनाउनुहोस्/कोर्नुहोस् । Ball मा जस्तै **/b/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | बच्चालाई **/o/** को ध्वनि भएको छोटो शब्द भन्न लगाउनुहोस् । 3 मिनेटमा आफ्नो बच्चाले **/o/** को ध्वनि भएका कति वटा छोटा शब्द भन्न सक्छन् विचार गर्नुहोस् । अरू स्वरवर्णको साथमा पनि यसै गर्नुहोस् । उदाहरणको लागि on, octopus । | बच्चासँग मिलेर फरक-फरक भावनाहरू भएको अनुहारको पोस्टर बनाउनुहोस् । आफ्नो बच्चालाई पोस्टरमा भएका भावनाहरूबाट एउटा भावना पहिचान गर्न लगाउनुहोस् र उनलाई उनले यस्तो कहिले र किन महसुस गरे भनेर सोध्नुहोस् । | दिनको आकार समलम्ब चतुर्भुज हो । बच्चालाई समलम्ब चतुर्भुज बनाउन सहयोग गर्नुहोस् । तपाईं आज कति ठाउँमा समलम्ब चतुर्भुज भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | बच्चालाई उनीहरूको मनपर्ने पुस्तक पढ्न सहयोग गर्नुहोस्; त्यसपछि बच्चाको नामको पहिलो अक्षरबाट सुरु हुने सबै शब्दहरूको सूचि बनाउनुहोस् |
| **हप्ता 4** | आफ्नो बच्चालाई हास्यास्पद कथा पढ्न सहयोग गर्नुहोस् । बच्चालाई लेखकले उक्त कथा मनोरञ्जन दिन, जानकारी दिन, आश्वस्त पार्न वा व्याख्या गर्न लेखेका हुन् निर्णय गर्न सहयोग गर्नुहोस् । | Head/Shoulders/Knees/Toes खेल्नुहोस् । एउटा शब्द भन्नुहोस् र बच्चालाई पहिलो ध्वनिमा आफ्नो शिर, दोस्रोमा काँध, तेस्रोमा घुँडा र चौथोमा खुट्टाका औंलाहरू छुन लगाउनुहोस् । | बच्चाको नामको पहिलो अक्षरबाट नै सुरु हुने शब्दहरू तर्फ सङ्केत गर्नुहोस् (John, jump) । आफ्नो बच्चासँग सुरुका ध्वनिहरू कसरी समान छन् भन्ने बारेमा कुराकानी गर्नुहोस् । | आफ्नो बच्चालाई उनी पहिलो नजरमा कति शब्दहरू पढ्न सक्छन् भनेर याद गर्न सहयोग गर्नुहोस् । | आफ्नो बच्चालाई महिनाको गीत (Twinkle, Twinkle, Little Star) बाट एउटा शब्द चयन गर्न सहयोग गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई उसको मनपर्ने सङ्ख्या चयन गर्न लगाउनुहोस् र उक्त सङ्ख्या दिनभरि खोज्नुहोस् । उनीहरूलाई उक्त सङ्ख्या वा चीजको चित्र कोर्न सहयोग गर्नुहोस् वा कुनै गीत त्यति नै पटक गाउन लगाउनुहोस् । | आफ्नो बच्चालाई देखेका शब्दहरूको जर्नल बनाउन सहयोग गर्नुहोस्: आफ्नो बच्चाले पहिलो नजरमा पढ्न सक्ने शब्दको सूची बनाउनुहोस् र उनीहरूले प्रत्येक पटक पढे पछि उक्त शब्दलाई त्यसमा थप्नुहोस् । |
| **हप्ता 5** | आफ्नो बच्चालाई जानकारीमूलक कथा पढ्न सहयोग गर्नुहोस् । बच्चालाई लेखकले उक्त कथा मनोरञ्जन दिन, जानकारी दिन, आश्वस्त पार्न वा व्याख्या गर्न लेखेका हुन् निर्णय गर्न सहयोग गर्नुहोस् । | 3-4 वटा ध्वनि भएको एउटा शब्द भन्नुहोस् । बच्चालाई उनीहरूले शब्दमा भएको प्रत्येक ध्वनि उच्चारण गर्दै गर्दा जम्पिङ ज्याक्स(उफ्रिने कसरत) गर्न लगाउनुहोस् | **C** दिनको अक्षर हो । सँगै "**C**" बनाउनुहोस्/कोर्नुहोस् । Cat मा जस्तै **/c/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई उनीहरूको मनपर्ने पुस्तक पढ्न सहयोग गर्नुहोस् । वाचनका खण्डहरूमा उपयुक्त भाव प्रयोग गर्नुहोस् । बच्चालाई आफ्नो भाव नक्कल गर्न प्रोत्साहित गर्नुहोस् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराको आधारमा नयाँ शब्द चिनाउनुहोस् । | बच्चालाई खरीले होपस्कोचको चित्र बनाउन सहयोग गर्नुहोस् । अगाडि र पछाडिबाट गिन्ती गर्नुहोस् (1s, 2s, 5s, 10s, आदि ले) । | आफ्नो बच्चालाई वर्णमाला पुस्तक बनाउन सहयोग गर्नुहोस् । परिवारका सदस्यहरूका तस्विरहरू र चित्रहरू थप्नुहोस् । प्रत्येक तस्विरमा नाम लेख्नुहोस् । |

**स्थानीय संसाधन:** Ingham County Parks - ल्यानसिडङ्को मुटुबाट थोरै मिनेटको दूरीमा अवस्थित यो पार्कमा खेलकुद र मनोरञ्जनमा समर्पित उत्कृष्ट 1,200 एकड भन्दा धेरै खाली ठाउँ छ । ल्यानसिडङ ताल हेर्दै वनभोजको शान्त सरलतामा रमाउनुहोस् वा वनफूल हेर्दै, प्राकृतिक बाटामा हिंड्दै, वा ग्रेन्ड खोलाको सुन्दर किनारामा डुङ्गामा सैर गर्दै दिउँसोको समय बिताउनुहोस् । *http://pk.ingham.org/* भ्रमण गर्नुहोस् ।

# आफ्नो शरीरलाई ऊर्जा दिनुहोस्



प्रमाणहरूले पोषणसम्बन्धी राम्रा बानीहरू शैक्षिक विकाससँग जोडिएका हुन्छन् भनेर देखाउँछ । स्वस्थ खानाले मस्तिष्कलाई निखार्छ र मस्तिष्कमा जानकारी राखी रहन सहयोग गर्छ । बच्चामा स्वास्थ्य खानपिनका व्यवहार सिक्ने कुरा स्वास्थ्य भविष्यको लागि महत्त्वपूर्ण हुन्छ । ल खाऊँ!

**महिनाको राइम/गीत: Little Miss Muffet**

Little Miss Muffet
Sat on a tuffet
Eating her curds and whey.
Along came a spider
And sat down beside her
And frightened Miss Muffet away!

**क्रियाकलापहरू**

"c" ले curds र came मा कस्तो ध्वनि बनाउँछ ?
समान ध्वनि र अक्षर "c" बाट सुरु हुने अरू शब्दहरू के के हुन् ?
तपाईं Muffet सँग छन्द मिल्ने शब्दहरू भेट्न सक्नुहुन्छ ?
तपाईंलाई बिहानको खाजामा के खाना मन पर्छ ? छन्द मिलेको नयाँ हरफ लेख्नुहोस्!

# अक्टोबर

बच्चासँग PBS Parents अन्वेषण गरेर आफ्नो शरीरलाई ऊर्जा दिने तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: Fizzy's Lunch Lab, *http://www.pbs.org/parents/lunchlab/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | कारण भनेको कुनै कुरा हुनुको आधार हो । प्रभाव भनेको कारणले गर्दा हुने कुनै कुरा हो । बच्चासँग पढ्दा, "के भयो" र "यो किन भयो?" भनेर सोध्नुहोस् । | आफ्नो बच्चासँग, छन्द मिल्ने र नमिल्ने दुवै शब्दहरू भन्नुहोस् (pan/man/tan/pat) । आफ्नो बच्चालाई एउटा छन्द नमिलेको शब्द भन्न लगाउनुहोस् । | D दिनको अक्षर हो । सँगै "D" बनाउनुहोस्/कोर्नुहोस् । Dog मा जस्तै /d/ को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई धेरै गाह्रो नहुने कथा चयन गर्नुहोस् । सुरुमा एक्लै कथा पढ्नुहोस् र त्यसपछि सँगै मिलेर पढ्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>स्वस्थ<br>चिनी<br>शारीरिक क्रियाकलाप | दिनका सङ्ख्याहरू 2 र 18 हुन् । बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्ने कुरामा सहयोग गर्नुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | बच्चालाई खाजा बनाउने निर्देशनहरू लेख्न सहयोग गर्नुहोस् । पहिला के आउँछ सोध्नुहोस् ? त्यसपछि के हुन्छ ? |
| हप्ता 2 | आफ्नो बच्चासँग कारण र प्रभाव पहिचान गर्ने सङ्केत शब्दहरू खोज्नुहोस्: किनभने, त्यसैले, यसैले | बच्चालाई राइम सिर्जना गर्न सहयोग गर्नुहोस् । "तिमि मलाई "cake" वा जे पायो त्यही शब्द "laz" सँग छन्द मिल्ने शब्दहरू भन्न सक्छौं?" भनेर सोध्नुहोस् । | बच्चालाई पकाएको थोरै स्पागेटी दिनुहोस् । बच्चालाई स्पागेटी प्रयोग गरेर अक्षरहरू बनाउन सहयोग गर्नुहोस् । | बच्चाको साथमा, सटीकतामा ध्यान दिंदै गत हप्ताको कथा फेरि पढ्नुहोस् । पोख्तता वा भावमा ध्यान दिंदै फेरि पढ्नुहोस् । | बच्चालाई कुनै तस्विर वा फोटोको बारेमा कथा भन्न सहयोग गर्नुहोस् । | बच्चालाई एक खुट्टाले दश पटक उफ्रन लगाउनुहोस् र प्रत्येक पटक उफ्रिंदा एकको अन्तर राखेर गन्नुहोस् । यो कार्य दोहोर्याउनुहोस् र दुई, पाँच र त्यसपछि दशको अन्तर राखेर गन्नुहोस् । | बच्चालाई किनमेलको सूची लेख्ने कुरामा सहयोग माग्नुहोस् । |
| हप्ता 3 | बच्चालाई बेक गर्दा कारण र प्रभावको बारेमा सोच्न सहयोग गर्नुहोस् । मारियाले केक बेक गरिन् किनभने उनको आमाको जन्म दिन थियो । | "जे पायो त्यही नाम राख्ने खेल ।" बच्चालाई एउटा खानाको नामको पहिलो अक्षर अर्कै अक्षरले प्रतिस्थापन गर्न लगाउनुहोस् । उदाहरणको लागि, "Milk को ठाउँमा Wilk ". | E दिनको अक्षर हो । सँगै "E" बनाउनुहोस्/कोर्नुहोस् । Egg मा जस्तै /e/ को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | बच्चालाई कथा भन्न अभ्यास गराउनुहोस्, त्यसपछि सेल फोन/कम्प्युटरबाट त्यसलाई रेकर्ड गर्नुहोस् । | आफ्नो बच्चासँग पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । समानता र भिन्नताहरूको सूचि बनाउनुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार घन हो । तपाईं आज कति ठाउँमा घन भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग, शरदको प्रकृतिको हिंडाइमा निस्कनुहोस् । 10 वटा पातहरू खोज्नुहोस् र ती पातहरूमा के-के समान र असमान छ लेख्नुहोस् । |
| हप्ता 4 | आफ्नो बच्चासँग, खाना र पोषणको बारेमा एउटा जानकारीमूलक कथा पढ्नुहोस् । स्वास्थ्य खाना खानु पर्ने कारणको बारेमा कारण र प्रभाव पहिचान गर्नुहोस् । हरेक दिन एउटा स्याउ खानु होस्, चिकित्सकबाट टाढा रहनुहोस् । | बच्चासँग भोजनको समयमा, तपाईं /b/ बाट सुरु हुने कुनै खाना "beans" खानु हुँदैछ भनेर भन्नुहोस् । अर्को खानाको साथमा यो काम दोहोर्याउनुहोस् । | बच्चालाई /a/ को छोटो ध्वनि भएका खानाहरू (apple मा जस्तै) को नाम सोच्न सहयोग गर्नुहोस् । सँगै ती शब्दहरू लेख्नुहोस् । सँगै त्यो सूची पढ्नुहोस् । | बोलीमा परिचित वाक्यांशहरू निर्माण गर्न बच्चासँगै नर्सरीका राइम तथा कविताहरू भन्नुहोस् । | आफ्नो बच्चालाई महिनाको गीत (Little Miss Muffet) बाट एउटा शब्द चयन गर्न र अर्थ भन्न सहयोग गर्नुहोस् । | आफ्नो बच्चालाई तपाईं आज कति सब्जी र फलफूलका टुक्राहरू खानु हुन्छ गन्न र याद गर्न सहयोग गर्नुहोस् । तपाईंले आज फलफूल धेरै खानु भयो कि सब्जी सोध्नुहोस् ? कतिले धेरै? | आफ्नो बच्चालाई भेटेरनलाई एउटा धन्यवाद पत्र लेख्न सहयोग गर्नुहोस् । |
| हप्ता 5 | आफ्नो बच्चालाई कारण-प्रभावको सम्बन्ध जनाउने शब्दहरू बुझ्न सहयोग गर्नु होस् । किनकि मैले धेरै क्यान्डी खाए, मेरो पेट दुख्यो । | स्टोरमा भएको समयमा, बच्चालाई समान ध्वनिमा सुरु/अन्त्य हुने 2 सहितका 3 वटा सामग्रीहरू उठाउन सहयोग गर्नुहोस् । बच्चालाई समान ध्वनि भएका सामाग्रीहरू टोकरीमा राख्न लगाउनुहोस् । | F दिनको अक्षर हो । सँगै "F" बनाउनुहोस्/कोर्नुहोस् । Fish मा जस्तै /f/ को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | बच्चालाई दोहोरिएको कथामा परिचित वाक्यांश दोहोर्याउन लगाउनुहोस् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदा, उनीहरूलाई नयाँ शब्द चिनाउनुहोस् । | बच्चालाई वयस्क वा दाजु/दिदीलाई खाना बनाउन सहयोग गर्न लगाउनुहोस् । आफ्नो बच्चालाई रिसेपी वा निर्देशनहरूमा भएका सङ्ख्याहरू खोज्न सहयोग गर्नुहोस् र सामाग्रीहरूको मात्रा नाप्नुहोस् । | बच्चालाई आफ्नो नाम लेख्न र प्रत्येक अक्षरबाट सुरु हुने खानाहरूको बारेमा सोच्न सहयोग गर्नुहोस् । ती शब्दहरू लेख्नुहोस् । |

**स्थानीय संसाधन:** Tri-County क्षेत्रमा स्वास्थ्य र पोषणलाई समर्थन गर्ने धेरै उत्कृष्ट संसाधनहरू छन् । तपाईंले *https://www.capitalareahealthalliance.org/healthy_living_resources.php* मा स्वस्थ जीवनका गतिविधिहरूको सामुदायिक पात्रोको साथमा गतिविधि र कार्यक्रमहरूको सूची फेला पार्ने सक्नुहुन्छ ।

# परिवारसँग जोडिने



साक्षरतालाई बढवा दिने घरमा हुर्काइएका बालबालिकाहरू ठूलो भएर राम्रो वाचक बन्छन् र विद्यालयमा राम्रो गर्छन् । यसले उनीहरूको कल्पना-शक्तिलाई बढाउँछ र उनीहरूको संसारसम्बन्धी बुझाइलाई विस्तार गर्छ, भाषा र सुन्ने सीपहरू विकास गर्छ । नियमित रूपमा बच्चासँग साक्षरताका गतिविधिहरूमा सहभागी हुने समय निकाल्दा एउटा महत्त्वपूर्ण सन्देश प्रवाह हुन्छ: पठन लाभदायक छ ।

पाठक नेतृत्वकर्ता हुन् ।

**महिनाको राइम/गीत: This Little Piggy**


This little piggy went to market,
This little piggy stayed home,
This little piggy had roast beef,
This little piggy had none,
And this little piggy cried "wee, wee, wee"
All the way home.

**क्रियाकलापहरू**

अरू कुन-कुन शब्दहरूमा Piggy मा जस्तै /i/ को छोटो ध्वनि आउँछ ?
अरू कुन-कुन शब्दहरू"w-" बाट सुरु हुन्छन् ?
प्रत्येक सुँगुरको चित्र बनाउनुहोस्!

# नोभेम्बर

बच्चासँग PBS Parents अन्वेषण गरेर परिवारसँग जोडिने तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: Martha Speaks, *http://www.pbs.org/parents/martha/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | तुलना गर्दा र फरक छुट्ट्याउँदा, दुईवटा कुराहरू कसरी उस्तै वा फरक छन् भनेर बताउनुहोस् । बच्चालाई कथाहरूमा भएका पात्रहरूको तुलना र फरक छुट्ट्याउन लगाउनुहोस् । | आफ्नो बच्चासँग परिवारहरूको बारेमा एउटा पुस्तक पढ्नुहोस् । 3 वटा ध्वनि भएको एउटा शब्द खोज्नुहोस् । शब्दमा भएका ध्वनिहरू उच्चारण गर्नुहोस्, उदाहरणको लागि, **/c/ /a/ /t/** । बच्चालाई यो शब्द भन्न लगाउनुहोस् । | **G** दिनको अक्षर हो । सँगै "**G**" बनाउनुहोस्/कोर्नुहोस् । Goat मा जस्तै **/g/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | सँगै चित्र बनाउनुहोस् र चित्रहरूलाई लेबल गर्नुहोस् । लेबलहरू पढ्न अभ्यास गर्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>परिवार<br>बिदा<br>परम्पराहरू | दिनका सङ्ख्याहरू 3 र 17 हुन् । यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्नुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई उनीहरू कृतज्ञ रहेका चीजहरूको सूची बनाउन सहयोग गर्नुहोस् । सूचीमा महिनाको हरेक दिन नयाँ चीज थप्नुहोस् । |
| हप्ता 2 | आफ्नो बच्चालाई उस्तै भनेको चीजहरू कसरी सामान छन् भन्ने हो भनेर सिकाउनु होस् । फरक भनेको तिनिहरू कसरी समान छैनन् भन्ने हो । Three Little Pigs पढ्नुहोस्, बच्चालाई ती कसरी उस्तै वा फरक छन् भनेर बताउन लगाउनुहोस् । | "जे पायो त्यही नाम राख्ने खेल ।" बच्चालाई परिवारका प्रत्येक सदस्यको नामको पहिलो अक्षर अर्के अक्षरले प्रतिस्थापन गर्न लगाउनुहोस् । उदाहरणको लागि, Bob को ठाउँमा "Tob" । | बच्चालाई अक्षर र ध्वनिहरूको मेल मिलाउने कुरामा अभ्यास गर्न दिन अनुमान गर्ने खेल खेल्नुहोस् । "म **/t/** को ध्वनिबाट सुरु हुने कुनै कुरा सोचिरहेको छु ।" | एउटा कला परियोजनाका लागि सामान्य निर्देशनहरू पढ्नुहोस्/लेख्नुहोस्। बच्चाले परियोजना पूरा गरेसँगै फेरि तपाईंका लागि पढ्न लगाउनुहोस् । | आफ्नो बच्चालाई आफ्नो परिवारको कुनै तस्विर वा फोटोको बारेमा कथा भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई निम्न कुरा सोध्नुहोस्: तिम्रो परिवारमा कति जना मानिस हुनुहुन्छ ? कति जना केटा ? कति जना केटी ? तिम्रो विस्तारित परिवारमा कति जना हुनुहुन्छ ? | बच्चालाई वंश वृक्ष बनाउन र लेबल गर्न सहयोग गर्नुहोस् । |
| हप्ता 3 | बच्चासँग एउटा कथा पढ्नुहोस् र पात्रहरू कुन तरिकाले उस्तै वा कसरी फरक छन् भनेर खोज्दै समय बिताउनुहोस् । | परिवारका प्रत्येक सदस्यलाई आफ्नो मनपर्ने पुस्तक, कविता वा नर्सरी राइम चयन गर्न लगाउनुहोस् र सँगै पढ्नुहोस् । | **H** दिनको अक्षर हो । सँगै "**H**" बनाउनुहोस्/कोर्नुहोस् । Horse मा जस्तै **/h/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | बच्चालाई उनीहरूको मनपर्ने गीत गाउन प्रोत्साहित गर्नुहोस् र गीतहरूको मनपर्ने हरफ दोहोर्याउनुहोस् । | बच्चालाई सोध्नुहोस्, "परिवार भनेको के हो ? के ले केही परिवारहरूलाई अरू परिवारभन्दा फरक बनाउँछ ? सबै परिवारहरू एउटै भए संसार कस्तो हुन्थ्यो होला ? | दिनको आकार सोली हो । बच्चालाई सोलीको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा सोलीहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्!  | आफ्नो बच्चासँग तपाईं परिवारको रूपमा जानु भएको विशेष ठाउँको समयको बारेमा कुरा गर्नुहोस् । उनीहरूलाई त्यसको बारेमा कथा लेख्न सहयोग गर्नुहोस् । |
| हप्ता 4 | उस्तै, दुवै, र त्यसै गरी जस्ता शब्दहरूले तुलनालाई सङ्केत गर्छन् र भिन्न, तर र तथापि ले फरकलाई सङ्केत गर्छन् । सँगै एउटा पुस्तक पढ्नुहोस् र तपाईं यस्ता शब्दहरू कति भेट्न सक्नुहुन्छ हेर्नुहोस् । | आफ्नो बच्चाले परिवार र साथीहरूको नाम ठूलो-ठूलो स्वरमा भन्दै गर्दा उनीहरूलाई नामहरू टुक्र्याएर भन्न लगाउनुहोस् । | (Egg मा जस्तै) **/e/** को छोटो ध्वनि भएका शब्दहरू खोज्नुहोस्। रङ र क्रेयन प्रयोग गरेर सँगै ती शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चासँग उनीहरूको कला परियोजनाहरू प्रयोग गरेर एउटा कलाको पुस्तक बनाउनुहोस् । प्रत्येक परियोजनाको बारेमा एउटा वाक्य लेख्नुहोस् । प्राय: फेरि पढ्नुहोस् । | महिनाको गीत (This Little Piggy) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई निम्न कुरा सोध्नुहोस्: "तपाईंको घर/अपार्टमेन्ट नम्बर कति हो ?" मिलेर त्यहाँ भएका अङ्कहरू जोड्नुहोस् । "अङ्क ठूलो भयो कि सानो भयो ? उक्त अङ्कमा 10 जोड्नुहोस् । 5 घटाउनुहोस् ।" | बच्चालाई धन्यवाद दिवसको सबैभन्दा राम्रो रात्रि भोजन के हुन्छ भन्न लगाउनुहोस् ? उनीहरूलाई उनीहरूले भनेको खाना सबैभन्दा राम्रो रोजाइ हो भनेर कसैलाई विश्वास दिलाउन सक्ने एउटा कथा लेख्न लगाउनुहोस् । |
| हप्ता 5 | आफ्नो मनपर्ने कथा पढ्नु अगाडि, पढेको समयमा र पढि सकेपछि पात्रहरूको बारेमा प्रश्नहरू सोध्नुहोस् । | आफ्नो बच्चालाई एउटा पुस्तक छानेर परिवारका एक सदस्यको लागि पढ्न लगाउनुहोस् । | आफ्नो बच्चासँग, शब्दमा भएको ध्वनिलाई उच्चारण-एकाइसँग जोड्ने शब्दका खेलहरू खेल्नुहोस् ("p-e-n" को हिज्जे pen हुन्छ भने, hen को हिज्जे के हुन्छ ?)। | आफ्नो बच्चालाई एउटा वाक्य भन्नुहोस् र उनलाई आफूसँगै उक्त वाक्य दोहोर्याउन लगाउनुहोस् । आफ्नो बच्चालाई उनले दोहोर्याउन सक्ने शब्दहरूको सङ्ख्या बढाउन चुनौती दिनुहोस् । | आफ्नो बच्चालाई परिवारका सदस्यहरू चित्र बनाउन सहयोग गर्नुहोस् । | आफ्नो बच्चालाई परिवारका सदस्यहरूको गुण तुलना गर्न लगाउनुहोस् । को सबैभन्दा अग्लो छ ? सबैभन्दा होचो ? सबैभन्दा गाढा कपाल कसको छ ? सबैभन्दा चम्किलो ? सबैभन्दा सानो को छ ? सबैभन्दा ठूलो ? | आफ्नो बच्चालाई परिवारका कुनै सदस्यलाई हास्यास्पद कथा सुनाउन लगाउनुहोस् । |

**स्थानीय संसाधन:** Project Appleseed अभिभावकहरूका लागि विद्यार्थीसँग प्रेरणा र सहभागिताको काम गर्ने एउटा नि:शुल्क औजार हो । तपाईं यो संसाधन *http://www.projectappleseed.org/motivate-the-unmotivated-child* मा भेट्न सक्नुहुन्छ । यो वेबसाइटमा तपाईं धेरै उपयोगी औजारहरू भेट्न सक्नुहोस्, जस्तै सहभागिताका 150 दिने क्रियाकलापहरू *http://www.projectappleseed.org/activities* ।

# भावना र सम्बन्धहरूको बारेमा सिक्ने



यो सानो उमेरमा, तपाईंको बच्चालाई आफूले अनुभव गरेको कुरा बताउन अप्ठ्यारो परिरहेको हुन सक्छ । सुरुका प्रारम्भिक वर्षहरूमा, बालबालिकाहरू विद्यालयको औपचारिक वातावरण हुँदा, उनीहरू साथी र वयस्कहरूसँग धेरै अन्तरक्रिया गरिरहेका हुन्छन् । यो वृद्धि भएको अरू व्यक्तिसँगको सम्पर्कले बच्चाको संसारको बारेमा बुझाइलाई फराकिलो बनाउन सुरु गर्छ । यो उमेरमा बालबालिका आफ्ना भावनाहरू र भावनाहरू आउने कारण पहिचान गर्ने क्षमताहरू विकास गरिरहेका हुन्छन् । उनीहरू कसरी आफ्ना भावनाहरू व्यवस्थापन गर्ने र सही तरिकाले व्यवहार गर्ने भन्ने कुरा सिकिरहेका पनि हुन्छन् ।

तपाईंले आज बच्चालाई अङ्कमाल गर्नुभयो ?

**महिनाको राइम/गीत: Hickory Dickory Dock**


Hickory, dickory, dock,
The mouse ran up the clock.
The clock struck one,
The mouse ran down,
Hickory, dickory, dock.

**क्रियाकलापहरू**

राइममा कति वटा शब्द "d" बाट सुरु हुन्छन् ?
अरू कुन-कुन शब्दहरू "d" बाट सुरु हुन्छन् ?
फरक समय प्रयोग गर्नुहोस् र राइम फेरि लेख्नुहोस् ।
घडीमा 1:00 बजेको चित्र कोर्नुहोस् ।

## डिसेम्बर

बच्चासँग PBS Parents अन्वेषण गरेर भावना र सम्बन्धहरूको बारेमा सिक्न तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: Daniel Tiger's Neighborhood, *http://www.pbs.org/parents/daniel/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | मुख्य विचारले कथा मुख्यतः केको बारेमा छ भनेर बताउँछ । साहयक विवरणले मुख्य विचारलाई वर्णन वा व्याख्या गर्छ । आफ्नो बच्चासँग एउटा कथा पढ्नुहोस् र मुख्य विचार र विवरणहरूको बारेमा भन्नुहोस् । | आफ्नो बच्चालाई 2 वटा ध्वनि दिनुहोस् । उसलाई भन्नुहोस्, "कृपया यो ध्वनिबाट सुरु/अन्त्य हुने सामग्री उठाउ ।" | **I** दिनको अक्षर हो । सँगै "**I**" बनाउनुहोस्/कोर्नुहोस् । Igloo मा जस्तै /i/ को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई गुडिया जनावर, घरपालुवा जनावर, दाजुभाइ/दिदीबहिनी, छिमेकी वा हजुरबुबा-हजुरआमा वा सुन्न चाहेका जो कोहीलाई कुनै कुरा पढेर सुनाउन लगाउनुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्: अलमलिनु उत्साहित निराश हुनु | दिनका सङ्ख्याहरू 4 र 16 हुन् । आफ्नो बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्ने अभ्यास गर्न लगाउनुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग ऐनमा हेर्नुहोस् र अनुहार बनाउनुहोस् । तपाईं खुसी, दुखी, क्रोधित, मूर्ख के देखिनु भएको छ ? सँगै मिलेर आफूलाई खुसी बनाउने कुराको बारेमा कथा लेख्नुहोस् । |
| हप्ता 2 | आफ्नो बच्चासँग मित्रताको बारेमा एउटा कथा पढ्नुहोस् । मिलेर कथाको मुख्य विचार र सहायक विवरण खोज्नुहोस् । | आवाजहरू सुन्ने उदेश्यले बाहिर हिंडाइमा निस्कनुहोस् । सुनेका विभिन्न आवाजहरूको बारेमा कुरा गर्नुहोस् । बच्चालाई उनीहरूले सुनेका आवाजहरूको चित्र कोर्न लगाउनुहोस् । | अक्षरहरूको ध्वनि बनाउनुहोस् र आफ्नो बच्चालाई मकैको पीठो वा बालुवामा मिल्ने अक्षरहरूको चित्र कोर्न लगाउनुहोस् । | भावनाको बारेमा पुस्तक पढ्नुहोस् । सँगै पुस्तकालय जानुहोस् र लाइब्रेरियनलाई कस्तो खालको किताब पढ्ने भनेर सोध्नुहोस् । साथीलाई पढेर सुनाउनुहोस् । | बच्चालाई उनीहरू वास्तवमै छक्क परेको वा उत्साहित भएको समयको बारेमा कथा भन्न लगाउनुहोस् । | आफ्नो बच्चा उदास भएको समयमा उनीहरूलाई शान्त बनाउन कुनै निश्चित सङ्ख्याबाट उल्टो गन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई खेलौना र उनीहरूलाई मन पर्ने खेलहरूको इच्छा सूची बनाउन सहयोग गर्नुहोस् । |
| हप्ता 3 | एउटा कथा पढ्नुहोस्; र आफ्नो बच्चाले कुनै कुरा बुझेनन् भने, उनीहरूलाई के बुझिएन र किन बुझिएन भनेर बुझ्न सहयोग गर्नुहोस् । | परिवारसँग एउटा घेरा बनाएर बस्नुहोस् र बच्चाको कानमा एउटा गोप्य कुरा कानेखुसी गर्नुहोस् । अन्तिम व्यक्तिले गोप्य कुरा नभनिन्जेल गोप्य कुरा घेरा वरिपरि रहेका एक व्यक्तिले अर्को व्यक्तिलाई भनिरहने छन् । | **J** दिनको अक्षर हो । सँगै "**J**" बनाउनुहोस्/कोर्नुहोस् । Jar मा जस्तै **/j/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई ठूलो स्वरमा मित्रताको बारेमा एउटा पुस्तक पढ्न लगाउनुहोस् । पोख्तता बढाउन त्यसपछि फेरि पढ्न लगाउनुहोस् । | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन लगाउनुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार बेलना हो । बच्चालाई बेलनाको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा बेलनाहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्!  | बच्चालाई उपहारमा खोल लगाउन सहयोग गर्नुहोस् र त्यसपछि कसरी खोल लगाउने भनेर निर्देशनहरू लेख्नुहोस् । पहिला के गर्ने ? त्यसपछि के गर्ने ? आदि । |
| हप्ता 4 | कथा पढ्दै गर्दा, बच्चालाई शब्दहरूको बारेमा सोच्न लगाउनुहोस् र उनीहरूको मनमा आकृति बनाउनुहोस् । यसले उनीहरूलाई कथासँग जोड्न सहयोग गर्छ । | आफ्नो बच्चासँग मित्रताको बारेमा एउटा पुस्तक पढ्नुहोस् । 3 वटा ध्वनि भएको एउटा शब्द खोज्नुहोस् । शब्दमा भएका ध्वनिहरू उच्चारण गर्नुहोस्, उदाहरणको लागि, **/c/ /a/ /t/** । बच्चालाई यो शब्द भन्न लगाउनुहोस् । | सँगै **/i/** को छोटो ध्वनि (igloo मा जस्तै) भएका खेलौना र खेलहरूको नाम सोच्नुहोस् । शब्दहरू लेख्नुहोस् र सँगै सूची पढ्नुहोस् । | आफ्नो बच्चालाई 100-200 शब्दको एउटा मित्रताको बारेको कविता चयन गर्न लगाउनुहोस् । आफ्नो बच्चाले पढ्दै गर्दा समय हेर्नुहोस् र उनीहरूलाई आफ्नो सबैभन्दा छिटो समयको रेकर्ड जित्न प्रयास गर्न लगाउनुहोस् । | महिनाको गीत (Hickory, Dickory, Dock) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | बच्चासँग मिलेर वस्तुहरू गन्नुहोस् । हरेक पटक अर्को वस्तु छुँदा हरेकले गन्ने पालो फेर्नुहोस् । | आफ्नो बच्चालाई 12 Days of Christmas मा आफ्नै शब्द प्रयोग गरेर गीत रचना गर्न सहयोग गर्नुहोस् । |
| हप्ता 5 | बच्चासँग मिलेर एउटा कथा पढ्नुहोस् र कथा फेरि भन्नको लागि पात्र, परिवेश र कथावस्तु सहित मुख्य घटनाहरू प्रयोग गर्नुहोस् । | आफ्नो बच्चालाई बिदाको कार्ड बनाउन सहयोग गर्नुहोस् । उनीहरूले लेख्दै गर्दा शब्दमा भएका ध्वनिहरू भन्नुहोस्, बच्चालाई **/h/ /i/** "hi" भनेर भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई विज्ञापनमा हेर्न र आफूले चिनेका चीजहरूमा सङ्केत गर्न लगाउनुहोस् । उनीहरू उक्त पृष्ठमा भएका कुनै पनि अक्षर/शब्दहरू चिन्छन् कि भनेर सोध्नुहोस् । | बच्चालाई अडियो पुस्तकहरू सुन्न लगाउनुहोस् । यसले उनीहरूलाई पोख्त वाचनको अर्को नमुना सुन्ने अवसर प्रदान गर्छ । | बच्चालाई बाहिर र यताउति लिएर जाँदै गर्दा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराबाट नयाँ शब्द चिनाउनु होस् । | ठूलो समूहमा, जोड र घटाउका समस्याहरूमा अभिनय गरेर देखाउनुहोस् । अहिले यहाँ 5 जना छन् तर 2 जना जानु पर्ने भयो । | आफ्नो बच्चालाई नयाँ वर्षको संकल्प लेख्न सहयोग गर्नुहोस् । |

स्थानीय संसाधन: सामाजिक र भावनात्मक सिकाइ घरबाट सुरु हुन्छ । आमाबाबु र परिवारहरू आफ्ना बालबालिकाको व्यावहारिक सामाजिक र भावानत्मक ज्ञानको विकासमा सहयोग गर्न महत्त्वपूर्ण साझेदार हुन्छन् । Casel परिवारका लागि सामाजिक र भावनात्मक सिकाइ (social emotional learning वा SEL) को बारेमा थप कुरा जान्न पाउने एउटा नि:शुल्क संसाधन हो र यसले घरको प्रयोगको लागि औजारहरू प्रदान गर्छ । *https://casel.org/in-the-home/*.

# आफ्नो वरिपरिको संसार अन्वेषण गर्ने



खेल भनेको बच्चाको काम हो । यसले आनन्द दिन्छ, ऊर्जा नष्ट गर्छ र बच्चाहरूलाई आफूलाई अभिव्यक्त गर्ने एउटा तरिका प्रदान गर्छ । खेलले रचनात्मक क्षमता, कल्पना, आत्म-विश्वास र समस्या-समाधानको क्षमतालाई प्रोत्साहन पनि गर्दछ । बालबालिकाको खेलले मौखिक भाषा र अक्षर र ध्वनिहरू चलाउने (ध्वनिसम्बन्धी बोध र नादविद्या) जस्ता साक्षरताका निश्चित सीपहरूलाई समर्थन गर्छ ।

उनीहरूको कल्पनालाई बढ्न दिनुहोस्!

**महिनाको राइम/गीत: Humpty Dumpty**

Humpty Dumpty sat on a wall,
Humpty Dumpty had a great fall.
All the king's horses and all the king's men
Couldn't put Humpty together again.

**क्रियाकलापहरू:**

तपाईं "-all" मा अन्त्य हुने दुई वटा शब्द भेट्न सक्नुहुन्छ ?
तपाईं sat मा जस्तै /a/ को छोटो ध्वनि भएको अर्को शब्द भेट्न सक्नुहुन्छ ?
Humpty Dumpty पर्खाल (wall) को सट्टामा अरू कुन ठाउँमा बस्न सक्थ्यो ?
उ अर्के ठाउँमा बसेको मानेर छन्द मिलेको नयाँ हरफ बनाउनुहोस् ।

# जनवरी

बच्चासँग PBS Parents अन्वेषण गरेर आफ्नो वरिपरिको संसार अन्वेषण गर्ने तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: Dinosaur Train, *http://www.pbs.org/parents/dinosaurtrain/*; र Odd Squad, *http://www.pbs.org/parents/oddsquad/home/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| **हप्ता 1** | आफ्नो बच्चालाई उनीहरूले कथाका घटनाहरूको क्रम भन्दा सुरु, त्यसपछि र अन्त्यमा के हुन्छ भन्नु पर्छ भनेर व्याख्या गर्नुहोस् । | "जे पायो त्यही नाम राख्ने खेल ।" बच्चालाई परिवारका प्रत्येक सदस्यको नामको पहिलो अक्षर अर्के अक्षरले प्रतिस्थापन गर्न लगाउनुहोस् । उदाहरणको लागि, Bob को ठाउँमा "Tob" । | **K** दिनको अक्षर हो । सँगै "**K**" बनाउनुहोस्/ कोर्नुहोस् । Kangaroo मा जस्तै **/k/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | एउटा छोटो शब्द भन्नुहोस् (उदाहरणको लागि, ant, apple). 3 मिनेटमा आफ्नो बच्चाले कति वटा छोटा शब्द सोच्न सक्छन् विचार गर्नुहोस् । अरू स्वरवर्णको साथमा पनि यसै गर्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>कुद्नु<br>उफ्रनु<br>बालुवा<br>चट्टान | दिनका सङ्ख्याहरू 5 र 15 हुन् । आफ्नो बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्न लगाउनुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग टर्च लाइट प्रयोग गरेर अँध्यारो कोठामा हर्नुहोस् । बच्चालाई उनीहरूले के देखे र कस्तो महसुस गरे भनेर वर्णन गर्न लगाउनुहोस् । |
| **हप्ता 2** | दैनिक जीवनका उदाहरणहरू जस्तै बिहानको दैनिकी दिएर आफ्नो बच्चालाई अनुक्रम बुझ्न सहयोग गर्नुहोस् । सुरुमा, म उठ्छु । त्यसपछि, म लुगा लगाउँछु । त्यसपछि, म बिहानको खाजा खान्छु । | "I Spy" खेल्नुहोस् । "म मेरो साना आँखाले **/m/** को ध्वनिबाट सुरु हुने कुनै चीजमा जासुस गर्छु" बच्चालाई "दूध" भनेर जबाफ दिन्छन् । दोहोर्याउनुहोस् । | सेतो क्रेयनले सेतो कागजमा **/th/** को ध्वनि भएका शब्दहरू लेख्नुहोस् । आफ्नो बच्चालाई शब्दहरू देखिने बनाउन र पढ्न पानीको रङ्ग प्रयोग गर्न लगाउनुहोस् । | अगाडि बढ्नुहोस् र आफ्नो बच्चाको मनपर्ने पुस्तक 100 औं पटक पढ्नुहोस्! | आफ्नो बच्चालाई तपाईं खेलिरहेको र रमाइरहेको क्षणको बारेमा कथा बन्न सहयोग गर्नुहोस् । | ब्लकहरूसँग खेल्नुहोस्! कुन-कुन ब्लकहरू मिल्छन् ? कुन-कुन गुड्कन्छन् ? कुन-कुन चिप्लिन्छन् ? आफ्नो बच्चालाई आकार अनुसार ब्लकहरू मिलाउन लगाउनुहोस् र हरेक समूहको सङ्ख्या गन्नुहोस् । | आफ्नो बच्चालाई उनीहरूको मनपर्ने खेलौनाको चित्र बनाउन लगाउनुहोस् । के ले यसलाई विशेष बनाउँछ भन्ने बारेमा कुरा गर्नुहोस् र त्यसपछि यसको बारेमा लेख्नुहोस् । |
| **हप्ता 3** | रखाइक्रम भनेको कथामा भएका घटनाहरूको क्रम हो । पहिला, अगाडि, त्यसपछि, र अन्त्य जस्ता शब्दहरूले रखाइक्रमलाई जनाउँछन् । बच्चालाई कथा सुनाउँदै गर्दा, कथामा के हुन्छ भनेर कुरा गर्न यी शब्दहरू प्रयोग गर्नुहोस् । | "ध्वनि अनुसार उफ्रनुहोस् ।" एउटा शब्द भन्नुहोस् र आफ्नो बच्चालाई शब्दको प्रत्येक ध्वनिमा ध्वनि उच्चारण गर्दै उफ्रन लगाउनुहोस् (उदाहरणको लागि bat **/b/ /a/ /t/** 3 पटक उफ्रने) । | **L** दिनको अक्षर हो । सँगै "**L**" बनाउनुहोस्/ कोर्नुहोस् । **/l/** को ध्वनिबाट सुरु हुने शब्दहरू टोपीमा राख्नुहोस् र शब्द अनुमान गर्ने खेल खेल्नुहोस् । | महिनाको राइम वाचन गर्दै आफ्नो बच्चाले कति वटा हिउँ परी बनाउन सक्छन् विचार गर्नुहोस् । हिउँ छैन ? कार्पेट प्रयोग गर्नुहोस्! | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन सहयोग गर्नुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार वृत्त हो । बच्चालाई वृत्तको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा वृत्तहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग, परिवारका सदस्यहरूको नाम लेख्नुहोस् । व्यञ्जनहरूका लागि एउटा रङ्ग र स्वरहरूका लागि अर्को रङ्ग प्रयोग गर्नुहोस् |
| **हप्ता 4** | आफ्नो बच्चालाई एउटा कथा पढेर सुनाउनुहोस् र रखाइक्रमको बारेमा प्रश्नहरू सोध्नुहोस् । सुरुमा के हुन्छ ? तिमिले कसरी थाहा पायौ ? अन्त्यमा के हुन्छ ? | "I Spy" खेल्नुहोस् । "म यी ध्वनिहरू **/d/**, **/o/**, **/g/** बाट कुनै चीजमा जासुस गर्छु ।" भन्नुहोस् बच्चाले "dog" भन्छन् । आफ्नो बच्चासँग पालैपालो गरेर खेल्नुहोस् । | आफ्नो बच्चालाई **/o/** को छोटो ध्वनि भएका वस्तुहरू (उदाहरणको लागि, octopus) खोज्न लगाउनुहोस् । | आफ्नो बच्चालाई आफूसँगै ठूलो स्वरमा पढ्न लगाउनुहोस् । कुराकानी गर्दा जुन गतिमा बोल्नुहुन्छ त्यही गतिमा बोल्नुहोस् । | महिनाको गीत (Humpty Dumpty) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | ब्लक वा लेगोहरूसँग खेल्नुहोस्! उनीहरूले कति तरिकाले दुई फरक रङ्गको लेगो प्रयोग गरेर दश बनाउन सक्छन् ? उदाहरणको लागि, 2 वटा रातो र 8 वटा नीलो । | आफ्नो बच्चालाई खाजा खाने झोला वा मोजा प्रयोग गरेर कठपुतली बनाउन र कथा भन्न सहयोग गर्नुहोस् । |
| **हप्ता 5** | आफ्नो बच्चालाई सङ्केत दिने शब्दहरू सुन्न लगाउनुहोस् । सुरुमा आकाश अँध्यारो भयो । त्यसपछि बिजुली चम्केर आकाश उज्यालो भयो । त्यसपछि, पानी पर्न थाल्यो । ताकि उनीहरूले कथा फेरि भन्न सकुन् । | आफ्नो बच्चालाई घर वरिपरि भएका वा बच्चाले बनाएका चीजहरूलाई रङ्गमञ्चको सामाग्रीको को रूपमा प्रयोग गरेर नर्सरी राइममा अभिनय गर्न लगाउनुहोस् । | बच्चालाई एउटा शब्द दिनुहोस् र बीचको स्वर अक्षर हटाएर नयाँ शब्द बनाउनुहोस् । बच्चालाई शब्द अनुमान गर्न लगाउनुहोस् (उदाहरणको लागि, "शब्द sat हो, **/a/** लाई **/i/** मा परिवर्तन गर्दा कुन शब्द बन्छ ?" बच्चाले "sit" भन्छन् ।) | सानो नाटक लेख्नुहोस् र बच्चालाई यसका पंक्तिहरू सम्झन लगाउनुहोस् र यसमा अभिनय गर्नुहोस् । | आफ्नो बच्चालाई बाहिर र यताउति लिएर जाँदै गर्दा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराबाट नयाँ शब्द चिनाउनु होस् । | बच्चालाई तिम्रो सबैभन्दा भारी खेलौना कुन हो भनेर सोध्नुहोस् ? तिमिले कसरी थाहा पायौं ? तिम्रो सबैभन्दा लामो खेलौना कुन हो ? यो कति लामो छ ? आफ्ना खुट्टाका औँलाहरू आकार अनुसार मिलाएर राख्नुहोस् । | न्यानो कपडा लगाएर हिउँदे हिंडाइमा निस्कनुहोस् । आफ्नो बच्चालाई सोध्नुहोस्, "तिमि बाहिर के देख्छौ ?" त्यसको बारेमा लेख्नुहोस् । |

**स्थानीय संसाधन:** इंगम काउन्टीमा यति धेरै कुराहरू छन् कि कुनै एउटा पात्रोले सबै कुरा अटाउँदैन । *www.lansingfamilyfun.com* मा तपाईंको परिवारले अन्वेषण गर्न सक्ने इंगम काउन्टी भित्रका विभिन्न क्रियाकलाप र स्थानहरू खोज्न "ल्यानसिङका रमाइला चिजहरू" प्रयोग गर्नुहोस् ।

# नाच्न र गाउन, कति रमाइलो



सङ्गीत भनेको वास्तवमै सबैको लागि हो! जति नराम्रो स्वरमा गीत गाए पनि तपाईंको बच्चाले तपाईंको स्वर मन पराउने छन् । सङ्गीत मार्फत गीत र राइमहरूको साथमा साक्षरताका सीपहरू निर्माण गर्नुहोस् । यी कुराहरूले जवान बच्चाहरूलाई मौखिक भाषा विकास गर्दै गर्दा व्यक्तिगत ध्वनि, ढाँचा, परिचित शब्दहरू पहिचान गर्न सहयोग गर्छ । भोल्युम ठूलो बनाउनुहोस्!

**महिनाको राइम/गीत: Little Boy Blue**

Little Boy Blue, come blow your horn.
The sheep's in the meadow,
The cow's in the corn.
But where is the boy who looks after the sheep?
He's under a haystack, fast asleep.
Will you wake him? No, not I!
For if I do, he's sure to cry.

**क्रियाकलापहरू**

तपाईं यो राइममा "bl-" बाट सुरु हुने शब्दहरू भेट्न सक्नुहुन्छ ?
तपाईं "bl-" भएका अरू कति शब्दहरू सोच्न सक्नुहुन्छ ?
"-eep" मा अन्त्य हुने शब्दहरू के-के हुन् ? तपाईं कति वटा शब्द सोच्न सक्नुहुन्छ ?
भेडाको हेरचाह गर्ने केटो कहाँ छ ?
यो राइम फेरि पढ्नुहोस् तर आफ्नो मनपर्ने रङ्ग प्रयोग गर्नुहोस् ।

## फेब्रुअरी

बच्चासँग PBS Parents अन्वेषण गरेर नाच्न र गाउन तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: The Electric Company, *http://www.pbs.org/parents/electriccompany/home/.*

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | आफ्नो बच्चासँग कथामा भएको विवरण हेर्नुहोस् र यो कुरा वास्तवमा सम्भव छ कि छैन विचार गर्नुहोस् । "म विद्यालयको बसमा विद्यालय आउन सक्थे तर हरियो ड्रेगनमा आउन सक्दिनथें ।" | सफाइ गर्दा गाउने गीत गाउनु वा बजाउनुहोस् र बच्चालाई सहभागी हुन प्रोत्साहित गर्नुहोस्! | M दिनको अक्षर हो । सँगै "M" बनाउनुहोस्/ कोर्नुहोस् । Mouse मा जस्तै /m/ को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | महिनाको राइम गाउनुहोस् (Little Boy Blue) । पूर्ण विराममा, आफ्नो आवाज सानो बनाउनुहोस् । प्रश्न चिन्हमा, आफ्नो आवाज ठूलो बनाउनुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>गीत<br>उपकरण<br>गाउनु<br>नाच्नु | दिनका सङ्ख्याहरू 6 र 14 हुन् । आफ्नो बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्न लगाउनुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग आज तपाईं के गर्नु हुनेछ, ती चीजहरूको सूची लेख्नुहोस् । दिन भर सूचीबाट यिनीहरूलाई हटाउँदै जानुहोस् । |
| हप्ता 2 | वास्तविक कथाहरू वास्तविक जीवनमा घटेका हुन सक्छन्; काल्पनिक कथा हुँदैनन् । कथा वास्तविक हो वा काल्पनिक भनेर निर्णय गर्न आफ्नो बच्चासँगै कथामा भएको विवरण हेर्नुहोस् । | कुनै सङ्गीत बजाउनुहोस् र आफ्नो बच्चालाई के को ध्वनि हो भनेर सोध्नुहोस् । उदाहरणको लागि ड्रम, चाइम्स, हावाले बजाउने बाजा | "She sells sea shells down by the sea shore." राइम गाउनुहोस् । आफ्नो बच्चालाई प्रत्येक पटक /sh/ बाट सुरु हुने शब्द सुन्ने बित्तिकै ताली बजाउन वा उफ्रन लगाउनुहोस् । | /i/ भएको छोटो शब्द भन्नुहोस् (उदाहरणको लागि, igloo, iguana) । 3 मिनेटमा आफ्नो बच्चाले कति वटा /i/ भएका शब्द सोच्न सक्छन् विचार गर्नुहोस् । अरू स्वरवर्णको साथमा पनि यसै गर्नुहोस् । | आफ्नो बच्चालाई आफू सङ्गीतमा रमाइरहेको समयको बारेमा एउटा कथा भन्नुहोस् । | बच्चासँग सङ्ख्या भएको गीत गाउनुहोस् (5 little monkeys) । गीत अगाडि बढ्दै जाँदा सङ्ख्या कसरी परिवर्तन हुन्छ भनेर सोध्नुहोस् । सङ्ख्याहरू देखाउन आफ्ना औंलाहरू प्रयोग गर्नुहोस् । | आफ्नो बच्चालाई एउटा कार्ड बनाउन सहयोग गर्नुहोस् र कोही विशेष व्यक्तिलाई दिनुहोस् । |
| हप्ता 3 | आफ्नो बच्चासँग कथा पढ्दै गर्दा कथा काल्पनिक हो कि होइन भनेर निर्णय गर्न प्रश्नहरू सोध्नुहोस् । यो वास्तविक जीवनमा हुन सक्छ ? तिमिले कसरी थाहा पायौ ? | साधारण सामानहरूलाई साङ्गतिक उपकरणको रूपमा प्रयोग गर्नुहोस् (उदाहरणको लागि, पुछ्नको लागि प्रयोग हुने कागजको रोल, ससप्यान, चम्चा) । बच्चालाई उनीहरूले बनाउने ध्वनिहरू बदल्न लगाउनुहोस् (grrr, whoosh, whaa, mmm) । | N दिनको अक्षर हो । सँगै "N" बनाउनुहोस्/ कोर्नुहोस् । Nest मा जस्तै /n/ को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चाले पढ्दै गर्दा, उनीहरूलाई एक-एकवटा शब्दको सट्टा शब्दहरूको समूह बनाएर पढ्न प्रोत्साहित गर्नुहोस् । जब उनीहरू पूर्ण विराममा पुग्छन् अर्को वाक्य पढ्नु अगाडि एकछिन रोक्नुहोस् । | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन सहयोग गर्नुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार त्रिभुज हो । बच्चालाई त्रिभुजको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा त्रिभुजहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई अरू कसैलाई त्रिभुज बनाउन सिकाउन सहयोग गर्नुहोस् । सुरुमा के गर्ने ? त्यसपछि ? अन्त्यमा ? |
| हप्ता 4 | आफ्नो बच्चालाई पहिल्यै जानेका कुराहरूको साथमा कथामा भएको प्रमाण प्रयोग गरेर कथाका पात्र र घटनाहरूको बारेमा थप कुरा अनुमान गर्न वा निष्कर्षहरू निकाल्न लगाउनुहोस् । | एउटा गीत बजाउनुहोस् र आफ्नो बच्चालाई एउटा लक्ष अक्षरको ध्वनि वा शब्द सुन्न लगाउनुहोस् । उनीहरूले यसलाई सुनेपछि ताली बजाउन लगाउनुहोस् । | बच्चासँग Umbrella मा जस्तै /u/ को छोटो ध्वनि भएका शब्दहरूको बारेमा सोच्नुहोस् । सँगै शब्दहरू लेख्नुहोस् र सूची पढ्नुहोस् । | तपाईंले वाक्यमा अल्पविराम देख्नुभयो भने एकछिन रोकिएर उदाहरण देखाउनुहोस् । बच्चालाई दोहोर्याउन सहयोग गर्नुहोस् । | महिनाको राइमबाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई उनी 1 सेकेन्ड सुल्टो वा उल्टोबाट गन्ती गर्न सक्छन् कि सक्दैनन् भनेर सोध्नुहोस् । 10 सेकेन्ड? 5 सेकेन्ड? तपाईंले गन्दै गर्दा सँगै एउटा गीत बनाउनुहोस् । | आफ्नो बच्चालाई उनीहरूको मनपर्ने गीतका शब्दहरू लेख्न लगाउनुहोस् । छन्द मिलेका शब्दहरू रेखाङ्कन गर्नुहोस् । |
| हप्ता 5 | निष्कर्ष निकाल्न अभ्यास गर्नुहोस् । आफ्नो बच्चालाई एउटा साथी दिनभर समुन्द्रको किनारमा जान्छ र रातो अनुहार लिएर फर्कन्छ भनेर कल्पना गर भन्नुहोस् । के भयो ? | बच्चालाई सुनेको गीतमा हात चलाउन वा शरीर हल्लाउन लगाउनुहोस् । | बच्चासँग मिलेर, V A L E N T I N E अक्षरहरूबाट जति सक्दो धेरै शब्दहरू बनाउनुहोस् । | आफ्नो बच्चालाई उनीहरूको मनपर्ने गीतहरूका शब्दहरू लेख्न लगाउनुहोस् । गीतको किताब बनाउनुहोस्! | बच्चालाई बाहिर र यताउति लिएर जाँदै गर्दा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराबाट नयाँ शब्द चिनाउनुहोस् । | उल्टो र सुल्टोबाट गिन्ती भएको गीत सुन्नुहोस् । तपाईंको बच्चाले उल्टोबाट गीत गाउन सक्छन् ? | आफ्नो बच्चालाई वर्ष भरीका महिनाहरूको सूची बनाउन सहयोग गर्नुहोस् । -er मा अन्त्य हुने सबै शब्दहरूमा गोलो लगाउनुहोस् । |

**स्थानीय संसाधन:** City of East Lansing ले बालबालिकाहरूको निःशुल्क कन्सर्टको श्रृङ्खला (FREE Children's Concert Series) को हिस्साको रूपमा परिवारहरूका लागि प्रत्यक्ष सङ्गीत प्रस्तुति प्रायोजन गर्छ । बालबालिकाहरूको कन्सर्टको श्रृङ्खलाको वर्तमान तालिका हेर्न *www.cityofeastlansing.com/137/Childrens-Concert-Series* मा जानुहोस् ।

# ठूलो स्वरमा पढ्ने



जन्मबाटै साक्षरता सिक्ने प्रक्रिया सुरु हुन्छ! पछिको पढाइको सफलतामा आवश्यक पर्ने बुझाइ र सीपहरू निर्माण गर्न, बच्चाको लागि ठूलो स्वरमा पढ्ने कुरा एकदम महत्त्वपूर्ण क्रियाकलाप हुन्छ । यो उमेरका बालबालिकाहरू लामो कथा सुन्छन् तर कथालाई रमाइलो र अन्तरक्रियात्मक बनाउन नबिर्सनुहोस् । धेरै बेग्ला बेग्लै शब्द र चित्रहरू भएका पुस्तकहरूले शब्दावली र नयाँ अवधारणाको बुझाइ विकास गर्छन् ।

राम्रो किताब लिएर सहज हुनुहोस्!

**महिनाको राइम/गीत: Little Bo Peep**

Little Bo Peep has lost her sheep,
And doesn't know where to find them.
Leave them alone, And they'll come home,
Wagging their tails behind them.

**क्रियाकलापहरू**

तपाईं sheep को जस्तै /e/ को लामो ध्वनि भएका कति वटा शब्द सोच्न सक्नुहुन्छ ?

कुन-कुन शब्दहरू "th-" बाट सुरु हुन्छन् ? ती शब्दहरूमा "th-" अक्षरहरूले कस्तो ध्वनि बनाउँछन् ?

सानी बो पिपले अरू के हराउन सक्थिन् ? तपाईं उक्त चीज प्रयोग गरेर यो राइम पुन: लेख्न सक्नुहुन्छ ?

# मार्च

बच्चासँग PBS Parents अन्वेषण गरेर ठूलो स्वरमा पढ्ने तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: The Cat in the Hat, *http://www.pbs.org/parents/catinthehat/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| **हप्ता 1** | बच्चालाई निष्कर्ष निकाल्न सहयोग गर्नुहोस: मेरो बुबा कुकीहरू बेक गर्नु हुँदै थियो । उहाँले नाङ्गो हातले तावा समात्नु भयो । त्यसपछी उहाँ चिच्याउनु भयो ? के भयो ? | आफ्नो बच्चालाई पढ्नु अगाडि एउटा शब्द दिनुहोस् । उक्त शब्द सुन्दा उनीहरू ताली बजाउन, हाइ गर्न वा हाँसउठ्दो अनुहार बनाउन सक्छन् । | **O** दिनको अक्षर हो । सँगै "**O**" बनाउनुहोस्/कोर्नुहोस् । Ostrich मा जस्तै **/o/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | वाचनको पोख्त नमूना प्रदान गर्न बच्चाले सुन्ने गरी ठूलो स्वरमा पढ्नुहोस् । बच्चाहरूले मनपराउने शीर्षकहरू खोज्नु हुँदैछ ? *whatdowedoallday.com* भ्रमण गर्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>किताब<br>पात्र<br>परिवेश<br>कथा | आफ्नो बच्चालाई उनीहरू यो महिना कति वटा पुस्तक पढ्छु भनेर सोच्न सक्छन् भनेर एउटा लक्ष्य राख्न सहयोग गर्नुहोस् । प्रत्येक हप्ता उनीहरू कति पुस्तक पढ्छन् जोड्नुहोस् र महिनाको अन्तिममा ती सबै जोड्नुहोस्! | आफ्नो बच्चालाई "The Very Hungry Caterpillar" पढेर सुनाउनुहोस् । उनीहरूलाई उनीहरूले खाने चीज प्रयोग गरेर कथाको नयाँ संस्करण लेख्न सहयोग गर्नुहोस् । |
| **हप्ता 2** | आफ्नो बच्चालाई कथामा भएका मानिस र जनावरहरूलाई पात्रहरू भनिन्छ भनेर व्याख्या गर्नुहोस् । लेखकले आफ्ना कथाहरूमा महत्त्वपूर्ण पात्रहरूको नाम राख्छन् र वर्णन गर्छन् । | परिवारको कथाको समय । प्रत्येक सदस्यलाई आफ्नो मनपर्ने पुस्तक, कविता वा नर्सरी राइम चयन गर्न लगाउनुहोस् र सँगै पढ्नुहोस् । | तपाईं सुरुको ध्वनि परिवर्तन गर्नुहोस् र बच्चालाई शब्द भन्न लगाउनुहोस् । उदाहरणको लागि, शब्द spring हो, **/s/** हटाउँदा, कुन शब्द बन्छ ? बच्चाले ring भन्छन् । | आज आफ्नो बच्चासँग कथा पढ्दा, अभिव्यक्तिमा सहयोग गर्ने प्रश्न चिन्ह, विस्मयादिबोधक चिन्ह र उद्धरण चिन्हहरू जस्ता विराम चिह्नहरू तर्फ सङ्केत गर्नुहोस् । | आफ्नो बच्चालाई पुस्तकमा रमाइरहेका कुनै व्यक्तिको बारेमा कथा बनाउन र भन्न सहयोग गर्नुहोस् । | दिनका सङ्ख्याहरू 7 र 13 हुन् । आफ्नो बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्न लगाउनुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई उनीहरूको वसन्तको मनपर्ने चीजको बारेमा लेख्न सहयोग गर्नुहोस् । |
| **हप्ता 3** | आफ्नो बच्चासँग कथा पढ्दा, प्रत्येक पात्रले के भन्छ, गर्छ वा महसुस गर्छ भन्ने कुरामा ध्यान दिएर प्रत्येक पात्रलाई चिन्नुहोस् । | आफ्नो बच्चालाई एउटा कथा पढेर सुनाएपछि 3 वटा ध्वनि भएका शब्दहरू छान्नुहोस् । बच्चालाई **/d/ /o/ /g/** को ध्वनिहरू भन्नुहोस् र "dog" भन्न लगाउनुहोस् । | **P** दिनको अक्षर हो । सँगै "**P**" बनाउनुहोस्/कोर्नुहोस् । Pig मा जस्तै **/p/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई प्रत्येक चिन्ह पढ्दा तपाईंको आवाज कसरी परिवर्तन हुन्छ देखाउन बिराम चिन्हहरू कसरी प्रयोग गर्ने भनेर व्याख्या गर्नुहोस् । | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन लगाउनुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार वर्ग हो । बच्चालाई वर्गको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा वर्गहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई अरू कसैलाई वर्ग बनाउन सिकाउन सहयोग गर्नुहोस् । सुरुमा के गर्ने ? त्यसपछि ? अन्त्यमा ? |
| **हप्ता 4** | आफ्नो बच्चासँग कथा पढ्दा पात्रहरूको बारेमा प्रश्नहरू सोध्नुहोस् । कथामा को छ ? तिमि पात्रहरूको बारेमा के सम्झन सक्छौं ? | एउटा कथा पढी सकेपछि, 3 वटा ध्वनि भएका शब्दहरू छान्नुहोस् । आफ्नो बच्चालाई शब्द भन्नुहोस् र उनीहरूलाई त्यसको ध्वनिहरू भन्न लगाउनुहोस् । उदाहरणको लागि, dog मा, बच्चाले **/d//o//g/** भन्ने छन् । | आफ्नो बच्चालाई **/ch/** को ध्वनिबाट सुरु हुने घर वरिपरि भएका वस्तुहरू खोज्न लगाउनुहोस् । | ठूलो स्वरमा एउटै रुचिका विषयका विभिन्न पुस्तकहरू पढ्नुहोस् । आफ्नो बच्चालाई तपाईंले पढेको सुनिसकेपछि एउटा पुस्तक पढ्न लगाउनुहोस् । | महिनाको गीत (Little Bo Peep) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | पुस्तक पढ्दै गर्दा, एउटा पृष्ठमा एउटै प्रकारका कति वटा सामाग्री छन् सोध्नुहोस् । उनीहरू गनेर भन्दा हेरेरै भन्न सक्छन् कि विचार गर्नुहोस् । | आफ्नो बच्चालाई उनीहरूको मनपर्ने पुस्तक पढ्न लगाउनुहोस् । सोध्नुहोस्, "तिमिलाई यो पुस्तक किन मन पर्छ ?" उनीहरूलाई यो कुरा कसैलाई भन्न लगाउनुहोस् र त्यसको बारेमा लेख्नुहोस् । |
| **हप्ता 5** | आफ्नो बच्चाले पात्रहरूको रूप र अभिनय पहिचान गरेर कथाका पात्रहरूको वर्णन गर्न सक्छन् कि भनेर विचार गर्नुहोस् । | एउटा कथाबाट फरक वाक्यहरू छनौट गर्नुहोस् र आफूले वाक्य पढ्दै गर्दा आफ्नो बच्चालाई शब्दहरूको सङ्ख्या गन्न लगाउनुहोस् । | आफ्नो बच्चाको ढाडमा आफ्ना औंलाहरूले अक्षर/शब्दहरू लेख्नुहोस् र उनीहरूलाई तपाईंले के लेख्नुभयो अनुमान गर्न लगाउनुहोस् । आफ्नो बच्चालाई आफूसँग पनि यसै गर्न लगाउनुहोस् । | एउटा महत्त्वपूर्ण शब्द हटाएर एउटा मनपर्ने कथा फेरि पढ्नुहोस्, त्यसपछि बच्चाले छुटेको शब्द भन्न सकुन भन्नका लागि एकछिन रोकिनुहोस् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदै गर्दा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराबाट नयाँ शब्द चिनाउनु होस् । | आफ्नो बच्चालाई किताबमा भएका सङ्ख्याहरू तुलना गर्न सहयोग गर्नुहोस् । कुन पृष्ठमा एउटै कुरा सबैभन्दा धेरै छ ? सबैभन्दा कम ? | आफ्नो बच्चासँग मिलेर तपाईंले यो महिना पढेका सबै किताबहरूको सूची बनाउनुहोस् । उनीहरूलाई मनपर्ने किताबको छेउमा चिन्ह लगाउन लगाउनुहोस् । |

स्थानीय संसाधन: प्रारम्भिक बाल्यावस्था साक्षरता संघ (Early Childhood Literacy Coalition) ले प्रत्येक मार्चमा दुई हप्ताको नि:शुल्क क्रियाकलाप र प्रारम्भिक साक्षरता उत्सवको साथमा साक्षरताको उत्सव मनाउँछ । Capital Area District Libraries को वेबसाइट *www.cadl.org* मा गएर पूरा तालिका हेर्नुहोस् । ECLC को फेसबुक पृष्ठ *www.facebook.com/EarlyChildhoodLiteracyCoalition* मा हेर्नुहोस् ।

# परीक्षण, सिर्जना र समस्या समाधान



STEAM विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितमा केन्द्रित शिक्षा हो ।

विज्ञान सबै ठाउँमा छ—जनावर, बोटबिरुवा, र प्राकृतिक संसार देखि स्वास्थ्य र पोषण, औजार र यन्त्र, र अन्य धेरै कुरामा! बालबालिकाहरू प्राकृतिक रूपमा जिज्ञासु हुन्छन् र विज्ञानले उनीहरूलाई आफ्नो संसार अन्वेषण गर्न प्रोत्साहन गर्छ । जवान बच्चाहरू: परीक्षण र त्रुटि विधि प्रयोग गर्छन्, जुन वैज्ञानिक प्रक्रियाको एउटा महत्त्वपूर्ण हिस्सा हो । वयस्कहरूले बच्चालाई प्रश्न सोधेर र धेरै खालका सम्भावनाहरूको बारेमा अनुसन्धान गर्न दिएर जिज्ञासालाई प्रोत्साहन गर्न गर्छन् ।

तिमीलाई त्यसले कसरी काम गर्छ जस्तो लाग्छ ?

तिमीलाई जिराफको घाँटी किन लामो हुन्छ जस्तो लाग्छ ?

कुन औजारले हामीलाई यो काम गर्न मद्दत गर्छ ?

यो बरफको डल्लोलाई तातो पानीमा राख्यो भने के हुन्छ ?

**महिनाको राइम/गीत: Five little monkeys**

Five little monkeys jumping on the bed,
One fell down and bumped his head,
Mama called the doctor and the doctor said,
"No more monkeys jumping on the bed!"
(4, 3, आदि मानेर दोहोर्याउनुहोस् ।)

**क्रियाकलापहरू**

तपाईं bed सँग छन्द मिल्ने शब्दहरू सोच्न सक्नुहुन्छ ?
तपाईं उल्टोबाट यो गीत कसरी गाउनु हुन्थ्यो ?
तपाईंले यसलाई गाउँदै गर्दा सङ्ख्याहरू घट्दै वा बढ्दै जाने छन् ?

# अप्रिल

बच्चासँग PBS Parents अन्वेषण गरेर परीक्षण, सिर्जना र समस्या समाधान तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: SciGirls, *http://www.pbs.org/parents/scigirls/*; र Curious Crew, *https://www.pbs.org/show/curious-crew/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | आफ्नो बच्चासँग जानकारीमूलक किताब पढ्नुहोस् । शीर्षक, बोल्ड शब्दहरू, चित्र र चित्र वर्णन गर्ने पाठ चिनाउनुहोस् । | आफ्नो बच्चालाई 2 वटा ध्वनि दिनुहोस् । प्रत्येक ध्वनिको लागि एउटा झोला ठीक पार्नुहोस् र एउटा ध्वनिबाट सुरु/अन्त्य हुने सामाग्रीहरू सही झोलामा हाल्नुहोस् | Q दिनको अक्षर हो । सँगै "**Q**" बनाउनुहोस्/कोर्नुहोस् । Quilt मा जस्तै **/q/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | पंक्तिको अन्त्यमा बिराम चिन्ह छैन ? उक्त वाक्य अर्को पंक्तिमा जारी हुन्छ र कतै नरोकी तपाईंका आँखाहरू एकदम चाँडो सर्ने छन् । यो कुरा तपाईं पुस्तकमा भेट्न सक्नुहुन्छ कि विचार गर्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्: ढाँचा तथ्याङ्क कारण प्रभाव | दिनका सङ्ख्याहरू 8 र 12 हुन् । आफ्नो बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्न लगाउनुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई उनीहरूको मनपर्ने जनावरको बारेका तथ्यहरूको साथमा एउटा कथा लेख्न सहयोग गर्नुहोस् । |
| हप्ता 2 | विषयसूची र सूची भएको एउटा पुस्तक पढ्नुहोस् । आफ्नो बच्चालाई यसले उनीहरूले खोजेको चीज भेट्टाउन कसरी सहयोग गर्छ भनेर देखाउनुहोस् । | आवाजहरू सुन्न हिंडाइमा निस्कनुहोस् । आफ्नो बच्चालाई एउटा अक्षरको ध्वनि छान्न लगाउनुहोस्, जस्तै **/t/** । त्यसपछि/**t**/ बाट सुरु/अन्त्य हुने सामाग्रीहरू खोज्नुहोस् । | तपाईं सुरुको ध्वनि परिवर्तन गर्नुहोस् र बच्चालाई शब्द भन्न लगाउनुहोस् । उदाहरणको लागि mat बाट fat बाट sat बाट bat बाट cat । | सही र राम्रो गतिमा पढ्ने नमूना प्रदर्शन गर्नुहोस् । बच्चाको लागि पढ्दै गर्दा कुराकानी गरे जस्तो गरेर स्वर ठूलो र सानो बनाउनुहोस् । | आफ्नो बच्चालाई उनीहरू STEAM को क्रियाकलापमा रमाइरहेको समयको बारेमा कथा भन्न सहयोग गर्नुहोस् । | आफ्नो बच्चासँग, बाहिरबाट झोलामा सामानहरू सङ्कलन गर्नुहोस् र यिनीहरूमा भएको कुनै समान कुराको आधारमा यिनीहरूलाई छुट्ट्याउनुहोस् । | आफ्नो बच्चालाई एउटा खेल बनाउन वा परिचित खेललाई परिवर्तन गर्न सहयोग गर्नुहोस् । नयाँ निर्देशनहरू लेख्नुहोस् । |
| हप्ता 3 | एउटा जानकारीमूलक पाठ पढ्नु अगाडि पूर्व ज्ञानको बारेमा कुरा गर्नुहोस् । पठनको एउटा उदेश्य तय गर्नुहोस् र बच्चाले सुन्ने गरी पढ्दै गरेको समयमा र पढिसकेपछि उदेश्यसँग सम्बन्धहरू बनाउनुहोस् । | झ्याल खोलेर बस्नुहोस् र परिवेशका आवाजहरू सुन्नुहोस् । बच्चालाई उनीहरूले के सुन्छन् वर्णन गर्न लगाउनुहोस् । | **R** दिनको अक्षर हो । सँगै "**R**" बनाउनुहोस्/कोर्नुहोस् । Rake मा जस्तै **/r/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चासँग ओछ्यानमा जाने समयमा पालैपालो गरेर ठूलो स्वरमा पढ्नुहोस् । बच्चाहरू यो विशेष समयमा रमाउँछन् । | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन लगाउनुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार आयत हो । बच्चालाई आयतको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा आयतहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई कोही विशेष व्यक्तिलाई एउटा कार्ड बनाउन सहयोग गर्नुहोस् । |
| हप्ता 4 | पृष्ठभूमिको ज्ञानले तपाईंको बच्चालाई नयाँ कथामा के अपेक्षा गर्ने भनेर जान्न सहयोग गर्छ । पढ्नु अगाडि उनीहरूलाई उक्त विषयको बारेमा के थाहा छ सोध्नुहोस् । | सामाग्रीहरू भेला गर्नुहोस् र छोपिएको टोकरीमा राख्नुहोस् टोकरीबाट चिहाउनुहोस् र एउटा सामाग्रीको ध्वनि भन्नुहोस् । बच्चालाई उक्त सामाग्रीको नाम भन्ने छन् । उदाहरणको लागि, **/s/ /o/ /c/ /k/**, बच्चाले sock भन्ने छन् । | अक्षरहरूको ध्वनि बनाउनुहोस् र आफ्नो बच्चालाई प्लेट वा किस्तीमा राखेर चिनी वा नुनमा अक्षरहरूको चित्र कोर्न लगाउनुहोस् । | पात्रहरूले जसरी भन्थे त्यसरी नै आफ्नो बच्चालाई उद्धरण चिन्हहरूमा भएका शब्दहरू पढेर सुनाउनुहोस् । | महिनाको गीत (Five Little Monkeys) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चासँग पानीको फोका उडाउनुहोस् । तपाईंले कति वटा फोका बनाउनु भयो ? तपाईंको बच्चाले कति वटा फोका बनाए ? आफ्नो बच्चालाई ती सङ्ख्याहरू जोड्न र घटाउन सहयोग गर्नुहोस् । | आफ्नो बच्चालाई आफ्नै चित्र बनाउन र शरीरका भागहरूको नाम लेख्न लगाउनुहोस् (टाउको, मुख, आदि) । |
| हप्ता 5 | जानकारीमूलक कथा पढ्नु अगाडि, आफ्नो बच्चालाई पहिल्यैबाट के थाहा छ, उनीहरू के थाहा पाउन चाहन्छन् र उनीहरूले पढिसकेपछि के जाने भनेर सोध्नुहोस् । | साधारण वस्तुहरूलाई साङ्गतिक उपकरणको रूपमा प्रयोग गर्नुहोस् । आफ्नो बच्चालाई उनीहरूले बनाउने ध्वनिहरू बदल्न लगाउनुहोस् (grrr, whoosh, whaa, mmm) । | पत्रिका वा सूचीपत्रबाट तस्विरहरू छनौट गर्नुहोस् । तस्विरको नाम लेख्नुहोस् र आफ्नो बच्चालाई **अन्तिम** ध्वनि भन्न लगाउनुहोस् । | आफ्नो बच्चाले पढेको सुन्नुहोस् र उनीहरूले कुनै पनि शब्द छोडे वा गलत पढे भने औँल्याउनुहोस् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदै गर्दा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराबाट नयाँ शब्द चिनाउनु होस् । | टबमा पानी भर्नुहोस् र बच्चालाई त्यहाँ खेलौना तैरिन्छ कि डुब्छ भनेर जाँच गर्न लगाउनुहोस् । खेलौनाहरू छुट्ट्याउनुहोस् र कति वटा तैरिए वा डुबे भनेर गणना गर्नुहोस् । | बच्चालाई उनीहरूले यो हप्ता गरेको एउटा काम छनौट गर्न र त्यसको बारेमा एउटा कथा लेख्न लगाउनुहोस् |

**स्थानीय संसाधन:** MSU Science Festival धेरै दिनसम्म चल्ने एउटा गजबको कार्यक्रमको श्रङ्खला हो जुन कार्यक्रमले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको क्षेत्रहरूलाई विशेष रूपमा झल्काउँछ (STEAM) । यो वर्षको पूरा तालिका हेर्न, *https://www.sciencefestival.msu.edu* मा जानुहोस् ।

# संसारको चित्र बनाउने



कला साक्षरताको एउटा पुल हो । यसले बालबालिकालाई हात, नाडी र औँलाहरूको सानो मांसपेशीको सीप मार्फत साक्षरताका सीपहरू निर्माण गर्ने, आत्म-विश्वास बढाउने र बालबालिकालाई आफ्नो ज्ञान देखाउने अवसर प्रदान गर्छ । कलाले बालबालिकाको सोचाइका उच्च सीपहरू सुधार गर्छ र उनीहरूलाई आफ्नो कल्पना प्रयोग गर्न प्रोत्साहित गर्छ ।

बिगार गर्न मिल्ने ठाउँमा एउटा स्थान बनाउनुहोस् ।

**महिनाको राइम/गीत: Hey Diddle Diddle**

Hey diddle diddle,
The cat and the fiddle,
The cow jumped over the moon.
The little dog laughed
To see such fun,
And the dish ran away with the spoon.

**क्रियाकलापहरू**

तपाईं बीचमा /oo/ को ध्वनि भएका दुई वटा शब्दहरू भेट्न सक्नुहुन्छ ?
तपाईं उक्त ध्वनि भएका अरू कति वटा शब्द सोच्न सक्नुहुन्छ ?
तपाईंलाई मनपर्ने साङ्गीतिक उपकरण कुन हो ?
आफ्नो मनपर्ने उपकरण समावेश गरेर राइम परिवर्तन गर्नुहोस् ।

## मे

बच्चासँग PBS Parents अन्वेषण गरेर चित्रकला तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: Pinkalicious & Peterrific, *http://www.pbs.org/parents/pinkalicious/home/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | आफ्नो बच्चालाई कथामा घट्ने कुरा वा कथाका सबैभन्दा महत्त्वपूर्ण घटनाहरू नै कथावस्तु हो भनेर व्याख्या गर्नुहोस् । आफ्नो बच्चालाई कथाको सुरुमा, बीचमा र अन्त्यमा के भयो भनेर सोध्नुहोस् । | एउटा ध्वनि (जस्तै /s/) चयन गर्नुहोस् र आफ्नो बच्चालाई उक्त ध्वनिबाट सुरु/अन्त्य हुने तस्विरहरू काटेर चित्र संग्रह(कोल्लाज) बनाउन लगाउनुहोस् । | **S** दिनको अक्षर हो । सँगै "**S**" बनाउनुहोस्/कोर्नुहोस् । Sun मा जस्तै **/s/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चासँग पालैपालो गरेर एउटा वाक्य, अनुच्छेद वा पृष्ठ पढ्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>कलाकार<br>रङ्ग<br>रेखा<br>आकार | दिनका सङ्ख्याहरू 9 र 11 हुन् । यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्नुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | शिक्षकको प्रशंसा गर्ने हप्ता: आफ्नो बच्चालाई उनीहरूका शिक्षकको लागि एउटा कार्ड बनाउन सहयोग गर्नुहोस् । |
| हप्ता 2 | आफ्नो बच्चालाई कथाहरूका घटनाहरूको बारेमा प्रश्न सोध्नुहोस् । यसले उनीहरूलाई उनीहरूले पढेको कुरा सम्झन सहयोग गर्छ । | आफ्नो बच्चालाई मोजाको एउटा कठपुतली बनाउन सहयोग गर्नुहोस् र एउटा जे पायो त्यही नाम राख्नुहोस्: "Silly Sam,Tickely Tashawn, आदि ।" "कठपुतली" ले तपाईंको बच्चालाई प्रश्नहरू सोध्न सक्छ । | रेफ्रिजिरेटरमा तीन अक्षरको शब्द (cat) बनाउन चुम्बकीय अक्षरहरू प्रयोग गर्नुहोस् । आफ्नो बच्चालाई उक्त शब्द पढ्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । | आफ्नो बच्चालाई साथी, छिमेकी वा दाजुभाइ/दिदीबहिनी वा आफन्तलाई मनपर्ने पुस्तक पढेर सुनाउन लगाउनुहोस् । | आफ्नो बच्चालाई आफू एउटा कला परियोजनामा काम गरिरहेको समयको बारेमा एउटा कथा भन्न सहयोग गर्नुहोस् । | आफ्नो बच्चालाई 8 वटा रङ्ग प्रयोग गरेर एउटा चित्र बनाउन लगाउनुहोस् । त्यसपछी रङ्गहरू गन्नुहोस् र रङ्गको नाम भन्नुहोस् । | आफ्नो बच्चालाई उनीहरूलाई खुसी बनाउने सबै चीजहरूको सूची लेख्न लगाउनुहोस् । |
| हप्ता 3 | कथाहरूमा समस्या र समाधान हुन्छ । आफ्नो बच्चालाई समस्या र समस्या कसरी समाधान गरियो पत्ता लगाउन सहयोग गर्नुहोस् । | आफ्नो बच्चालाई मोजाको कठपुतलीलाई सुरु, बीच वा अन्त्यमा एउटै ध्वनि भएका विभिन्न वस्तु वा चित्रहरू "खुवाउन" लगाउनुहोस् । | **T** दिनको अक्षर हो । सँगै "**T**" बनाउनुहोस्/कोर्नुहोस् । Toy मा जस्तै **/t/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई शब्दहरूलाई अर्थ दिने वाक्यांशको समूह बनाएर पढ्न लगाउनुहोस् । अनुभूतिको साथमा पढ्नुहोस् । | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन सहयोग गर्नुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार समचतुर्भुज हो । बच्चालाई समचतुर्भुजको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा समचतुर्भुज भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | एउटा अक्षर चयन गर्नुहोस् र आफ्नो बच्चालाई उक्त अक्षरको ध्वनिबाट सुरु हुने पाँचवटा वस्तु खोज्न लगाउनुहोस् । आफ्नो बच्चालाई ती शब्दहरू एउटा सूचीमा लेख्न सहयोग गर्नुहोस् । |
| हप्ता 4 | बच्चालाई परिवेशको बारेमा जान्न सहयोग गर्नुहोस् । परिवेश भनेको कथा घट्ने स्थान र समय हो । | साधारण वस्तुहरू प्रयोग गरेर साङ्गतिक उपकरणहरू बनाउनुहोस् । आफ्नो बच्चालाई उनीहरूले बनाउने ध्वनिहरू बदल्न लगाउनुहोस् (grrr, whoosh, whaa, mmm) । | **/sh/** को ध्वनिबाट सुरु हुने शब्दहरूको सूची बनाउनुहोस् । सँगै त्यो सूची पढ्नुहोस् । **/sh/** को ध्वनि बनाउने शब्दहरूमा चिन्ह लगाउनुहोस् । | आफ्नो बच्चाले पहिलो नजरमा कति वटा शब्दहरू पढ्न सक्छन् अभिलेख राख्नुहोस् । अभ्यास गर्नुहोस् र उक्त गणनालाई जित्न खोज्नुहोस् । | महिनाको राइम (Hey Diddle, Diddle) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई बाहिरबाट 10 वटा पत्ता भेला गर्न लगाउनुहोस् । ती पातहरू कसरी समान वा फरक छन् छलफल गर्नुहोस् । ती पातहरूलाई कागजको पन्नामा टाँसेर एउटा कला सिर्जना गर्नुहोस् ! | आफ्नो बच्चासँग, चुम्बकीय अक्षरहरू प्रयोग गरेर रेफ्रिजिरेटरमा शब्दहरूको हिज्जे वा परिवारका सदस्यहरूको नाम लेख्नुहोस् । |
| हप्ता 5 | परिवेश (समय र स्थान) वास्तविक वा देखावटी हुन सक्छ । केही कथाहरूमा, पात्रहरू र कथावस्तुका लागि परिवेश महत्त्वपूर्ण हुन्छ । आफ्नो बच्चासँग परिवेशको बारेमा बताउने विवरण खोज्नुहोस् । | बच्चालाई तस्विर देखाएर उक्त तस्विर के को ध्वनिबाट सुरु/अन्त्य हुन्छ भनेर सोध्नुहोस् । (उदाहरणको लागि, **/t/**, **/m/**, **/b/** ।) | मिलेर **Hope** सँग छन्द मिल्ने शब्दहरू सोच्नुहोस् । मिलेर ती शब्दहरू लेख्नुहोस् । ती शब्दहरूको हिज्जे समान छ ? | आफ्नो बच्चाले अभ्यास गरिसकेपछि, एउटा मोबाइल फोन प्रयोग गरेर उनीहरूले पढ्दै गरेको रेकर्ड गर्नुहोस् । उनीहरूलाई उनीहरूको आफ्नै वाचन पछ्याउन लगाउनुहोस् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदै गर्दा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराबाट नयाँ शब्द चिनाउनु होस् । | आफ्नो बच्चालाई तपाईंले यो वर्ष सिकेका आकारहरू प्रयोग गरेर एउटा चित्र बनाउन लगाउनुहोस् । ठूलो स्वरमा प्रत्येक आकारको नाम भन्नुहोस् । | ग्रीष्म ऋतु चाँडै आउनेछ यहाँ! आफ्नो बच्चालाई उनीहरूलाई ग्रीष्म ऋतुमा गर्न मनपर्ने चीजको बारेमा लेख्न सहयोग गर्नुहोस् । |

स्थानीय संसाधन: यो बाहिर निस्कने र East Lansing Art Festival! हेर्ने उत्कृष्ट समय हो! The East Lansing Art Festival को बाल कलाको गतिविधि क्षेत्रले बालबालिका तथा परिवारहरूका लागि कलाका वास्तविक हस्त, बनाउने-र-लिएर जाने क्रियाकलापहरू, कुनै काम कसरी गर्ने भन्ने कार्यशालाहरू प्रदान गर्छ र प्रत्यक्ष प्रदर्शनहरू प्रस्तुत गर्छ । सबैभन्दा अन्तिम जानकारी प्राप्त गर्न यो वेबसाइट जानुहोस्: *http://www.elartfest.com/#intro.*

# आफ्नो समुदाय अन्वेषण गर्नें!

जवान बच्चाहरूको काम समुदाय अन्वेषण गर्ने हो । बालबालिकाले आफैले प्रारम्भ गरेको स्वत:स्फूर्त खेलको सहभागिता र ढाँचागत अनुभवहरूबाट लाभ उठाउँछन् । यी अनुभवहरूले मौखिक भाषाका सीपहरू र शब्दावली विकास गर्ने अवसर प्रदान गर्छन् ।

ल, एउटा साहसिक यात्रामा जाऔं!



**महिनाको राइम/गीत: Baa, Baa Black Sheep**

Baa, baa, black sheep,
Have you any wool?
Yes, sir, yes, sir,
Three bags full;
One for the master,
And one for the dame,
And one for the little boy
Who lives down the lane.

**क्रियाकलापहरू**

Wool सँग कुन-कुन शब्दहरूको छन्द मिल्छ ?
तपाईं "bl-" बाट सुरु हुने black बाहेकको अर्को एउटा रङ्गको नाम भन्न सक्नुहुन्छ ?
अर्को जनावर समावेश गरेर राइम परिवर्तन गर्नुहोस् ।

# जून

बच्चासँग PBS Parents अन्वेषण गरेर आफ्नो समुदाय अन्वेषण गर्न तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: SUPER WHY, *http://www.pbs.org/parents/superwhy/*; र WordGirl, *http://www.pbs.org/parents/wordgirl/parentsandteachers.html.*

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| **हप्ता 1** | तपाईंले सारांश लेख्दा, तपाईं छोटकरीमा के हुन्छ वा कथा मूलत: के को बारेमा छ भन्नुहुन्छ भनेर आफ्नो बच्चालाई व्याख्या गर्नुहोस् । सँगै,एउटा मनपर्ने कथा सारांशमा लेख्न अभ्यास गर्नुहोस् । | एउटा कथा पढी सकेपछि, 3 वटा ध्वनि भएका शब्दहरू छान्नुहोस् । आफ्नो बच्चालाई शब्द भन्नुहोस् र उनीहरूलाई त्यसको ध्वनिहरू भन्न लगाउनुहोस् । उदाहरणको लागि, तपाईंले dog छनौट गर्नु हुनेछ, बच्चाले **/d//o//g/** भन्ने छन् । | **U** दिनको अक्षर हो । सँगै "**U**" बनाउनुहोस्/कोर्नुहोस् । Uncle मा जस्तै **/u/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई 100-200 शब्दको एउटै कथा बारम्बार दोहोर्याएर पढ्न अभ्यास गर्न सहयोग गर्नुहोस् । समय हेर्नुहोस् र प्रति मिनेट कति वटा सही शब्द पढिन्छ विचार गर्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्: सङ्ख्या शीर्षक लेखक वाक्य | दिनका सङ्ख्याहरू 0 र 10 हुन् । यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्नुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चाको आँखामा पट्टी बाँध्नुहोस् र उनीहरूलाई चाखलाग्दो खाने कुरा (सुन्तला, पप रक्स) दिनुहोस् । उनीहरूलाई उनीहरूले के को स्वाद लिए, के महसुस गरे, के सुँघे भन्ने बारेमा लेख्न सहयोग गर्नुहोस् । |
| **हप्ता 2** | एउटा कथा फेरि भन्दा पाठकहरूलाई उनीहरूले पढेको कुरा सम्झन सहयोग गर्छ । आफ्नो बच्चालाई मुख्य घटनाहरू पहिचान गर्न र क्रमैसँग भन्न लगाउनुहोस् । | परिवारका प्रत्येक सदस्यलाई आफ्नो मनपर्ने पुस्तक, कविता वा नर्सरी राइम चयन गर्न लगाउनुहोस् र सँगै पढ्नुहोस् । | आफ्नो बच्चासँग, एउटा किताबमा तीन वटा नयाँ शब्द खोज्नुहोस् । उनीहरूलाई शब्दहरू लेख्न लगाउनुहोस् र प्रत्येक शब्दको अर्थ वर्णन गर्दै एउटा तस्विर बनाउनुहोस् । | एउटा महत्त्वपूर्ण शब्द हटाएर एउटा मनपर्ने कथा फेरि पढ्नुहोस् र बच्चालाई छुटेको शब्द भन्न दिनका लागि एकछिन रोकिनुहोस् । | आफ् अक्षरहरूसँग खेलिरहेको समयको बारेमा एउटा कथा भन्नुहोस् । | आफ्नो बच्चालाई घडीमा भएको मिनेट र घण्टाको सुइरोसँग परिचित गराउनुहोस् । सँगै, एक घण्टा र आधा घण्टाको फरकमा समय भन्न अभ्यास गर्नुहोस् । | आफ्नो बच्चालाई सडकका चिन्हहरूको बारेमा एउटा किताब बनाउन सहयोग गर्नुहोस् । उनीहरूलाई प्रत्येक पृष्ठमा एउटा चिन्ह बनाउन लगाउनुहोस् र त्यसपछि उक्त चिन्हले तपाईंले के गर्नु भनेर सङ्केत गर्छ लेख्नुहोस् । |
| **हप्ता 3** | आफ्नो बच्चालाई पहिला, अगाडि, र अन्त्य जस्ता शब्दहरू कथाका घटनाहरूको क्रमको बारेमा सङ्केत दिने शब्दहरू हुन् भनेर बताउनुहोस् । उनीहरूले हालसालै पढेको कथामा उनीहरूलाई यो कुरा प्रयास गर्न लगाउनुहोस् । | शब्दहरूमा भएका ध्वनिहरू तन्काएर भन्नुहोस् र बच्चालाई नियमित गतिमा शब्द भन्न लगाउनुहोस् । 2 वटा ध्वनि भएको शब्दबाट सुरु गर्नुहोस् र त्यसपछि बढाउँदै जानुहोस्, उदाहरणको लागि iiiitttt, बच्चाले "it" भन्छन् । | **V** दिनको अक्षर हो । सँगै "**V**" बनाउनुहोस्/कोर्नुहोस् । Vest मा जस्तै **/v/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | वाचनलाई झन् रमाइलो बनाउन बच्चालाई आवाज र सुर फरक बनाउँदै पढ्न अभ्यास गर्न लगाउनुहोस् । | पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । बच्चालाई समानता र भिन्नताहरूको सूचि बनाउन लगाउनुहोस् वा छन्द मिलेका सबैभन्दा धेरै शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार अण्डाकार हो । बच्चालाई अण्डाकारको चित्र बनाउन लगाउनुहोस् । तपाईं आज कति ठाउँमा अण्डाकारहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई आफ्नो समुदायको हिस्साको रूपमा रहेका विभिन्न मानिस र ठाउँहरूको बारेमा लेख्न सहयोग गर्नुहोस् । |
| **हप्ता 4** | आफ्नो बच्चालाई कथा कसरी थोरै वाक्यहरूमा फेरि भन्ने अभ्यास गर्न लगाउनुहोस् । | नर्सरी राइम भन्न "रोबोटको बोली" प्रयोग गर्नुहोस् । तपाईंका बच्चाले विभाजित ध्वनिहरू सुन्नेछन् र त्यसपछि ती ध्वनिहरूलाई एकै ठाउँमा मिसाएर भन्ने छन् । उदाहरणको लागि, तपाईं **/s//i//r/** भन्नुहुन्छ, बच्चाले sir भन्ने छन् । | तपाईं सुरुको ध्वनि परिवर्तन गर्नुहोस् र बच्चालाई शब्द भन्न लगाउनुहोस् । (उदाहरणको लागि, spring बाट ring बाट sing बाट thing ।) | तपाईंलाई प्रत्येक पात्रले शब्दहरू कसरी भन्छन् जस्तो लाग्छ, त्यसरी नै ती शब्दहरू पढ्नुहोस् । | महिनाको राइम (Baa, Baa, Black Sheep) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई 2 वटा वृत्त खोज्न र काट्न सहयोग गर्नुहोस् । एउटा वृत्तलाई 2 वटा बराबर भागमा काट्नुहोस् । अर्को वृत्तलाई 4 वटा बराबर भागमा काट्नुहोस् । आधा र एक चौथाइको फरकको बारेमा छलफल गर्नुहोस् । | आफ्नो बच्चालाई गैर-काल्पनिक (सत्य) कथा पढ्न लगाउनुहोस् । आफूले सिकेका सबै नयाँ शब्दहरूको सूची बनाउनुहोस् । |
| **हप्ता 5** | आफ्नो बच्चालाई राम्रा पाठकहरूले पढेको कथा राम्रोसँग सम्झन आफूले पढेको कुरा याद गर्छन् भन्ने कुरा बताउनुहोस् । | आफ्नो बच्चाले परिवार र साथीहरूको नाम ठूलो-ठूलो स्वरमा भन्दै गर्दा उनीहरूलाई नामहरू टुक्र्याएर भन्न लगाउनुहोस् । (उदाहरणको लागि, Jon-a-thon) | **make** सँग छन्द मिल्ने शब्दहरू सोच्नुहोस् । मिलेर ती शब्दहरू लेख्नुहोस् । ती शब्दहरूको हिज्जे समान छ ? | बच्चालाई 3-4 पटक कविता पढ्न सहयोग गर्नुहोस् तबसम्म जबसम्म तपाईं सहज र भावसहित कविता पढ्न सक्नुहुन्न । | बच्चालाई बाहिर र यताउति लिएर जाँदा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराको आधारमा नयाँ शब्द चिनाउनु होस् । | सँगै, भन्दा कम वा भन्दा बढी प्रयोग गरेर वास्तविक जीवनका सामानहरू तुलना गर्नुहोस् । (उदाहरणको लागि, माथिल्लो तला र तल्लो तलाका कोठाहरूको सङ्ख्या तुलना गर्नुहोस् ।) | आफ्नो बच्चालाई समुदायका सहयोगीलाई एउटा धन्यवाद पत्र लेख्न सहयोग गर्नुहोस् र त्यो पत्र ती व्यक्तिलाई दिनुहोस् । |

**स्थानीय संसाधन:** यो महिना ल्यान्सिङको Be A Tourist In Your Own Town (आफ्नै शहरमा पर्यटक हुने) कार्यक्रम जाँच गर्न निश्चिन्त हुनुहोस् । यो दिनले कार्यक्रमका सहभागीहरूलाई 80 वटा स्थानीय गन्तव्यहरू र निम्न स्थान समेट्ने एक-दिने विशेष यात्राहरूमा भ्रमण गर्न अनुमति दिन्छ: Impression 5 Science Center, Potter Park Zoo, State Capitol Building, Michigan History Center र अन्य धेरै स्थानहरू! थप जानकारीका लागि *http://www.lansing.org/events/be-a-tourist/* मा हेर्नुहोस् ।



# सङ्ख्याहरूको बुझाइ र प्रयोग

गणितको बारेमा कुरा गर्दा भाषाका सीपहरू निर्माण हुन्छन् । बालबालिकाहरूले शब्दले के भन्न खोजेको हो भनेर सोच्दै गर्दा र कुन शब्दले निश्चित वस्तु र परिस्थितिहरूलाई वर्णन गर्छ भनेर निर्णय गर्दै गर्दा साक्षरताका सीपहरू विकास गर्छन् । गणित शब्दहरूको अर्थ के हो भनेर छलफल गर्ने एउटा उपयुक्त सन्दर्भ हो । बालबालिकाहरूले कतिको मजाले कथा बुझ्छन् र भन्छन् भन्ने कुरा भविष्यको विद्यालयको सफलताको सबैभन्दा राम्रो भविष्यवक्ता हो ।

गणित र साक्षरता: एउटा शक्तिशाली जोडा!

**महिनाको राइम/गीत: The Itsy Bitsy Spider**

The itsy bitsy spider
Climbed up the water spout.
Down came the rain
And washed the spider out.
Out came the sun
And dried up all the rain.
And the itsy bitsy spider climbed up the spout again.

**क्रियाकलापहरू**

Spout सँग कुन-कुन शब्दहरूको छन्द मिल्छ ? अरू कुन-कुन शब्दहरूको /ou/ ध्वनि हुन्छ ?
तपाईं "sp-" बाट सुरु हुने अरू कुन-कुन शब्दहरू सोच्न सक्नुहुन्छ ?
तपाईंलाई मनपर्ने कीराको प्रकार कुन हो ? आफ्नो मनपर्ने कीरा प्रयोग गरेर राइम परिवर्तन गर्नुहोस् ।

# जुलाई

बच्चासँग PBS Parents अन्वेषण गरेर सङ्ख्याहरूको बुझाइ र प्रयोग तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: Cyberchase, *http://www.pbs.org/parents/cyberchase/*; Peg + Cat, *http://www.pbs.org/parents/peg/*; र Odd Squad, *http://www.pbs.org/parents/oddsquad/home/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| हप्ता 1 | कुनै कथा पढ्दा, आफ्नो बच्चालाई पात्रहरू को हुन्, उनीहरू के गर्छन्, उनीहरू किन त्यसो गर्छन, र घटनाहरू कसरी घट्छन् भनेर याद गर्न लगाउनुहोस् । | आफ्नो बच्चालाई /T/ को ध्वनिबाट सुरु/अन्त्य हुने सङ्ख्याहरू चिच्याउन लगाउनुहोस्, "ten, twelve, twenty"। फरक ध्वनिको साथमा दोहोर्याउनुहोस् । | आफ्नो बच्चालाई **sleep** सँग छन्द मिल्ने शब्दहरू सोच्न लगाउनुहोस् । आफ्नो बच्चालाई ती शब्दहरू लेख्न सहयोग गर्नुहोस् । आफ्नो बच्चालाई ती शब्दहरूको हिज्जे समान छ कि भनेर सोध्नुहोस् । | आफ्नो बच्चालाई गैर-काल्पनिक कथा पढ्न लगाउनुहोस् । पोख्तता र बुझाइ बढाउन भागहरू पुन: पढ्नुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्: मिलाएर राख्नु बराबर सङ्ख्याहरू जोड | दिनका सङ्ख्याहरू 20 र 30 हुन् । आफ्नो बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्न लगाउनुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई 10 (वा सो भन्दा माथि) सम्म गन्न लगाउनुहोस् र हरेक सङ्ख्या अक्षरको रूपमा लेख्नुहोस् । |
| हप्ता 2 | आफ्नो बच्चालाई कहाँ र कति बेला कथा घट्छ भनेर याद गर्न लगाउनुहोस् । विवरणहरू फेला पार्न सहयोगको लागि पुन: पढ्नुहोस् । | आफ्नो बच्चालाई glad सँग छन्द मिल्ने वा सुरु, बीच र अन्त्यमा समान ध्वनि भएको 10 वटा शब्द सोच्न सहयोग गर्नुहोस् । | **W** दिनको अक्षर हो । सँगै "**W**" बनाउनुहोस्/कोर्नुहोस् । Water मा जस्तै **/w/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | एकैचोटी ठूलो स्वरमा पढ्ने सत्र: आफ्नो बच्चालाई पढ्न सजिलो हुने पुस्तक छान्नुहोस् । आफ्नो बच्चालाई आफूसँगै समान गतिमा ठूलो स्वरमा पढ्न लगाउनुहोस् । | बच्चालाई कुनै तस्विर वा फोटोको बारेमा कथा भन्न लगाउनुहोस् । | बाहिर ढुङ्गाहरू भेला गर्नुहोस् । बच्चालाई सोध्नुहोस् "तिमि 2 वटा ढुङ्गाको कति समूहहरू बनाउन सक्छौं ? 3 वटाको कति समूहहरू ? 4 वटाको समूहहरू ? कुनै ढुङ्गाहरू बाँकी रहेका छन् ?" | आफ्नो बच्चालाई सोध्नुहोस्, "तिमि आफ्नो नामको सुरुको अक्षरसँग समान अक्षरबाट सुरु हुने कति शब्दहरू सोच्न सक्छौं ? यी शब्दहरू लेख्नुहोस् र शब्दहरू गन्नुहोस् ।" |
| हप्ता 3 | एउटा कथा पढिसकेपछि, आफ्नो बच्चालाई सोध्नुहोस्, "कथामा को थियो ? के भयो ? किन त्यस्तो भयो ?" | आफ्नो बच्चासँग यो राइम भन्नुहोस् - "Riddle dee dee, riddle dee dee तिमि मेरो लागि तिम्रो नाममा भएको उच्चारण-एकाइको सङ्ख्या जति उफ्रन सक्छौं ?" बच्चालाई उफ्रन लगाउनुहोस् । अरू नामको साथमा दोहोर्याउनुहोस् । | अक्षरहरूका ध्वनिहरू भन्नुहोस् । आफ्नो बच्चालाई अक्षर वा ध्वनिसँग मेल खाने अक्षरहरू लेख्न लगाउनुहोस् । | आफ्नो बच्चालाई एउटा मनपर्ने पुस्तक फेरि पढ्न प्रोत्साहित गर्नुहोस् । | आफ्नो बच्चासँग पहिलो हप्ताका शब्दहरूबाट एउटा खेल बनाउनुहोस् । समानता र भिन्नताहरूको सूचि बनाउनुहोस् वा सबैभन्दा धेरै छन्द मिलेका वा पर्यायवाची शब्दहरू कसले भन्न सक्छ विचार गर्नुहोस् । | दिनको आकार षड्भुज हो । बच्चालाई षड्भुज बनाउन सहयोग गर्नुहोस् । तपाईं आज कति ठाउँमा षड्भुजहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चालाई **समय** को बारेमा एउटा पुस्तक बनाउन सहयोग गर्नुहोस् । दिनको फरक-फरक समय र त्यो समयमा तपाईं के गर्नुहुन्छ लेख्नुहोस् । (उदाहरणको लागि: बिहान 7:00 बजे- म उठ्छु ।) |
| हप्ता 4 | आफ्नो बच्चाले पढेको कुरा राम्रोसँग बुझ्न प्रस्ट्याउने प्रश्नहरू सोध्नुहोस् । पढ्नु अगाडि, पढेको समयमा र पढि सकेपछि प्रश्नहरू सोध्ननुहोस् । | आफ्नो बच्चासँग यो राइम भन्नुहोस् - "Riddle dee dee, riddle dee dee तिमि मेरो लागि यति पटक (औँलाहरू देखाउनुहोस्) उफ्रन सक्छौं ?" बच्चालाई उफ्रन लगाउनुहोस् । फरक औँलाको सङ्ख्या देखाएर दोहोर्याउनुहोस् । | **X** दिनको अक्षर हो । सँगै "**X**" बनाउनुहोस्/कोर्नुहोस् । Fox मा जस्तै **/x/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | बच्चाले एउटा छोटो कथा कति समयमा पढ्छन् हेर्नुहोस् । यसको धेरै पटक अभिलेख बनाउनुहोस् । | महिनाको राइमबाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई चित्रहरू बनाएर तपाईंले दिनको समयमा सामना गर्नु परेको घटाउका समस्याहरू देखाउन लगाउनुहोस् । (K का लागि 10 भित्र, पहिलो ग्रेडका लागि 20 भित्र) । | आफ्नो बच्चालाई खाली ठाउँ भर्न लगाउनुहोस् । गर्मीयाममा म .... देख्छु । गर्मीयाममा म .... महसुस गर्छु । गर्मीयाममा म .... को स्वाद लिन्छु । गर्मीयाममा म .... को गन्ध सुँघ्छु । म .... को आवाज सुन्छु । |
| हप्ता 5 | आफ्नो बच्चालाई कथा फेरि पढेर र कथाको प्रमाण प्रयोग गरेर प्रश्नहरू सोध्नुहोस् । | एउटा शब्द भन्नुहोस् र आफ्नो बच्चालाई उक्त शब्दमा भएका ध्वनिहरूको सङ्ख्या गन्न लगाउनुहोस् । | शब्दको खेल खेल्नुहोस्: तपाईं अन्त्यको ध्वनि परिवर्तन गर्नुहोस् र बच्चालाई शब्द भन्न लगाउनुहोस् । उदाहरणको लागि, flip बाट flop बाट flap बाट flag. | आफ्नो बच्चालाई सही रूपमा र शब्दहरू नछोडी पढ्न प्रोत्साहन गर्नुहोस् । उनीहरूले त्रुटिहरू गरे भने प्रतिक्रिया दिनुहोस् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदा, उनीहरूलाई आफूले देखेको, सुँघेको वा महसुस गरेको कुराको आधारमा नयाँ शब्द चिनाउनुहोस् । | आफ्नो बच्चालाई जोड र घटाउका तथ्यहरू सोध्नुहोस् । उनीहरूलाई उनीहरूले यसलाई कसरी समाधान गरे र उनीहरू अर्को कुनै रणनीति निकाल्न सक्छन् कि भनेर सोध्नुहोस् । आवश्यकता अनुसार सामानहरू प्रयोग गर्नुहोस् । | आफ्नो बच्चासँग सँगै गर्ने मिल्ने रमाइला चीजहरूको सूची बनाउनुहोस् र आजका लागि गर्ने एउटा चीज छनौट गर्नुहोस् । |

स्थानीय संसाधन: Impression 5 Science Center सबै उमेरका बालबालिकाहरूको विज्ञान र गणितका सोचाइलाई समर्थन गर्ने एउटा अन्तरक्रियात्मक, स्थानीय संसाधनको हो । पानीका विशेषताहरू अन्वेषण गर्नुहोस्, पानीका वास्तविक फोकाहरू बनाउनुहोस् र अरू थुप्रै सिर्जनात्मक चुनौतीहरूमा रमाउनुहोस् । गर्मीयामका कार्यक्रम र प्रदर्शनीहरूको पूरा सूचीका लागि *https://impression5.org/* भ्रमण गर्नुहोस् ।

# बाहिर खेल्नुमा मजा छ

बच्चा हुँदा घरबाहिर खेलेको कुरा याद छ—त्यो स्वतन्त्रता र आश्चर्यजनक भावना ? तपाईंको घर बाहिरको क्षेत्र साक्षरताले समृद्ध वातावरण हो जहाँ बालबालिकाहरू भाषा, अक्षर र शब्दहरू परीक्षण गर्न सक्छन् । घरबाहिर देखिएका र सुनिएका सबै नयाँ चीजहरूको बारेमा कुराकानी गर्नुहोस्—चरा, लोखर्के, बादल, लाठी र ढुङ्गाहरू।
सबै कक्षाकोठाहरूमा चार वटा पर्खाल हुँदैनन् ।



**महिनाको राइम/गीत: Mary Had a Little Lamb**

Mary had a little lamb,
Its fleece was white as snow.
And everywhere that Mary went,
The lamb was sure to go.
It followed her to school one day,
Which was against the rules.
It made the children laugh and play
To see a lamb at school.

**क्रियाकलापहरू**

तपाईं snow र go मा कुन अक्षरले /o/ को ध्वनि बनाउँछ भनेर भन्न सक्नुहुन्छ ?
ती कसरी फरक छन् ?
राइममा कुन शब्द “sn-” बाट सुरु हुन्छ ? अरू कुन-कुन शब्दहरू त्यसबाट सुरु हुन्छन् ?
तपाईं आफ्नो मनपर्ने जनावर र आफ्नो नामको साथमा नयाँ राइम बनाउन सक्नुहुन्छ ?

## अगस्त

बच्चासँग PBS Parents अन्वेषण गरेर घरबाहिरको खेल तर्फ केन्द्रित शैक्षिक प्रदर्शनहरू हेर्नुहोस्: The Ruff Ruffman Show, *http://www.pbs.org/parents/ruff/home/*.

| | आइततबार (बोध) | सोमबार (स्वनिमिक बोध) | मङ्गलबार (नादविद्या) | बुधबार (पोख्तता) | बिहिबार (शब्दावली/शब्द अध्ययन) | शुक्रबार (सङ्ख्यासम्बन्धी प्रारम्भिक ज्ञान) | शनिबार (लेखन) |
|---|---|---|---|---|---|---|---|
| **हप्ता 1** | आफ्नो बच्चासँग कथामा मुख्य विचारहरूलाई समर्थन गर्ने तथ्य र विवरणहरूको बारेमा कुरा गर्नुहोस् । | आफ्नो बच्चालाई एउटा पुस्तक छान्न लगाउनुहोस् र बाहिर पढ्दै गर्दा पुस्तक छिमेकीसँग बाँड्नुहोस् । | **Y** दिनको अक्षर हो । सँगै “**Y**” बनाउनुहोस्/कोर्नुहोस् । Yard मा जस्तै **/y/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चालाई उनीहरूका परिवारका सदस्य, सहपाठी र साथीहरूको नाम पढ्न अभ्यास गर्न लगाउनुहोस् । | बच्चालाई नयाँ शब्द चिनाउनुहोस्:<br>कीराहरू<br>लोखर्केहरू<br>बादल<br>लौरोहरू<br>ढुङ्गाहरू | दिनका सङ्ख्याहरू 40 र 50 हुन् । बच्चालाई यी सङ्ख्याहरू लेख्न र कोर्न अभ्यास गर्ने कुरामा सहयोग गर्नुहोस् । तपाईं आज कति ठाउँमा यी सङ्ख्यहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग, कीराको खोजीमा निस्कनुहोस्! तपाईं कस्तो प्रकारका कीराहरू भेट्न सक्नुहुन्छ ? आफूले भेटेको कुराको बारेमा एउटा कथा लेख्नुहोस् । |
| **हप्ता 2** | आफ्नो बच्चालाई पाठकले कथाको दृश्य कल्पना गर्दा, उनीहरू आफ्नो मनमा त्यसको चित्र बनाउँछन् भनेर व्याख्या गर्नुहोस् । | आफ्नो बच्चासँग पार्कमा जानुहोस् र ध्वनि प्रयोग गरेर “I Spy” खेल्नुहोस् । (उदाहरणको लागि, “म यी ध्वनिहरू **/d/**, **/o/**, **/g/** बाट कुनै चीजमा जासुस गर्छु ।” आफ्नो बच्चालाई पनि यसै गर्न लगाउनुहोस् ।) | आफ्नो बच्चालाई **hike** सँग छन्द मिल्ने शब्दहरू सोच्न सहयोग गर्नुहोस् । सँगै ती शब्दहरू लेख्नुहोस् । ती शब्दहरूको हिज्जे समान छ ? | तपाईंको बच्चाले ABCs मा हेरेर एक मिनेटमा कति वटा ध्वनि बनाउन सक्छन् ? बच्चालाई दोहोर्याउन लगाउनुहोस् ताकी उनीहरू आफ्नो सबैभन्दा छिटो समयको रेकर्डलाई जित्न प्रयास गर्न सकुन् । | बच्चालाई कुनै तस्विर वा फोटोको बारेमा कथा भन्न लगाउनुहोस् । | आफ्नो बच्चालाई एउटा डोरीले दुईवटा रूखको वरिपरि नाप्न लगाउनुहोस् । आफ्नो बच्चालाई कुन रूख ठूलो छ सोध्नुहोस् ? कुन सानो छ ? | आफ्नो बच्चालाई सडक पेटीमा पानी र रङ्ग लगाउने बुरुषले अक्षरहरू लेख्न अभ्यास गर्न सहयोग गर्नुहोस् । |
| **हप्ता 3** | आफ्नो बच्चालाई उनीहरूको होस प्रयोग गरेर कथाको दृश्य कल्पना गर्न लगाउनुहोस् । के भइरहेको छ हेर्न, बास्नाहरू सुँघ्न र आवाजहरू सुन्न प्रयास गर्नुहोस् । | बच्चा शान्त समयमा जान लागेको बेलामा, सुसेलेको आवाजमा नर्सरी राइम वाचन गर्नुहोस् र बच्चालाई सामेल हुन निमन्त्रणा गर्नुहोस् । | **Z** दिनको अक्षर हो । सँगै “**Z**” बनाउनुहोस्/कोर्नुहोस् । घर बाहिर सडक कोर्ने खरी प्रयोग गरेर Zebra मा जस्तै **/z/** को ध्वनिबाट सुरु हुने शब्दहरू लेख्नुहोस् । | आफ्नो बच्चासँग, घरबाहिरका साहसिक कार्य र रुखमुनिको प्रकृतिको बारेमा किताबहरू पुन: पढ्नुहोस् । | आफ्नो बच्चासँग वर्णमालाको खेल खेल्नुहोस् । वयस्कले एउटा अक्षर भन्ने छन् र बच्चाले उक्त अक्षरबाट सुरु हुने एउटा शब्दको साथमा प्रतिक्रिया दिने छन् । | दिनको आकार अष्टभुज हो । बच्चालाई अष्टभुज बनाउन सहयोग गर्नुहोस् । तपाईं आज कति ठाउँमा अष्टभुजहरू भेट्न सक्नुहुन्छ हेर्नुहोस्! | आफ्नो बच्चासँग, बाहिर जानुहोस् र आँखा बन्द गर्नुहोस् । बेग्ला-बेग्लै आवाजहरू सुन्नुहोस् । आफूले सुनेका सबै कुराहरूको सूची बनाउनुहोस् । |
| **हप्ता 4** | तपाईंले ठूलो स्वरमा कथा भन्दै गर्दा आफ्नो बच्चालाई उनीहरूको आँखा बन्द गर्न र कथाको दृश्य कल्पना गर्न लगाउनुहोस् । | आवाजहरू सुन्न हिंडाइमा निस्कनुहोस् । आफ्नो बच्चालाई एउटा अक्षर छान्न र उक्त ध्वनिबाट सुरु/अन्त्य हुने सामाग्रीहरू खोज्नु लगाउनुहोस् । उदाहरणको लागि, **/k/** kitten, rock I | आफ्नो बच्चासँग, वर्णमाला कार्ड प्रयोग गरेर “Memory” वा “Go Fish” खेल खेल्नुहोस् । | आफ्नो बच्चालाई कागजको कार्डमा अक्षरहरू लेख्न सहयोग गर्नुहोस् । ती अक्षरहरूलाई अक्षरहरूको सुरुको ध्वनिबाट “सुरु” हुने घर वरिपरिका चीज नजिकै राख्नुहोस् । B - book, C - coffee, L – lamp I | आफ्नो बच्चासँग, महिनाको गीत (Mary Had a Little Lamb) बाट एउटा शब्द चयन गर्नुहोस् । बच्चालाई त्यसको अर्थ भन्न लगाउनुहोस् । | आफ्नो बच्चासँग, सडक पेटी र सडक मार्गमा सङ्ख्याहरू लेख्नुहोस् । एउटा सङ्ख्या भन्नुहोस्, आफ्नो बच्चालाई त्यो सङ्ख्या वा मूल सङ्ख्याको जोड हुने दुई वटा सङ्ख्यासम्म कुद्न लगाउनुहोस् । | आफ्नो बच्चासँग, बादलमा आकार वा बनावटहरू खोज्नुहोस् । त्यसको बारेमा एउटा कथा लेख्नुहोस् । |
| **हप्ता 5** | आफ्नो बच्चालाई उनीहरू गलत भएको खण्डमा वाक्य वा कथा फेरि पढ्न लगाउनुहोस् । बुझाइ जाँच गर्न प्रश्नहरू सोध्नुहोस् । | “ध्वनि अनुसार उफ्रनुहोस् ।” एउटा शब्द भन्नुहोस् र आफ्नो बच्चालाई शब्दको प्रत्येक ध्वनिमा ध्वनि उच्चारण गर्दै उफ्रन लगाउनुहोस् । उदाहरणको लगि, fish, 3 पटक उफ्रने **/f//i//sh/** । | आफ्नो बच्चालाई दाह्री काट्ने क्रिम वा गिलो खाने कुरामा अक्षरहरू बनाउन र लेख्न अभ्यास गर्न लगाउनुहोस् । | तपाईंको बच्चाले ABCs मा हेरेर एक मिनेटमा कति वटा ध्वनि बनाउन सक्छन् ? बच्चालाई दोहोर्याउन लगाउनुहोस् ताकी उनीहरू आफ्नो रेकर्डलाई जित्न प्रयास गर्न सकुन् । | बच्चालाई बाहिर र यताउति लिएर जाँदा, उनीहरूलाई आफूले देख्ने, सुँघ्ने वा महसुस गर्ने कुराको आधारमा नयाँ शब्द चिनाउनु होस् । | आफ्नो बच्चासँग, निश्चित सङ्ख्याका विविध सामाग्रीहरू खोज्न निस्कनुहोस्! फरक सङ्ख्याको साथमा दोहोर्याउनुहोस् । जम्मा कति सामाग्रीहरू छन् निर्धारण गर्नुहोस् । | आफ्नो बच्चालाई एउटा कार्ड बनाउन सहयोग गर्नुहोस् र कोही विशेष व्यक्तिलाई दिनुहोस् । |

**स्थानीय संसाधन:** खेल जवान बच्चाको स्वस्थ विकास र सिकाइको महत्त्वपूर्ण हिस्सा हो । इंगम काउन्टीमा धेरै स्थानहरू छन् जसले परिवारहरूलाई आफ्नो बच्चाको साथमा खेल्ने र अन्वेषण गर्ने क्रियाकलापहरू प्रदान गर्छ: जस मध्ये धेरैमा कुनै शुल्क लाग्दैन । वर्तमान कार्यक्रमको सबैभन्दा अन्तिम सूची हेर्न *http://www.cadl.org/events* मा जानुहोस् । तपाईं *http://www.wkar.org/community* मा गएर पनि वर्तमान कार्यक्रमहरूको सूची हेर्न सक्नुहुन्छ ।

# विकासशील पाठकको ग्रेड तीन तर्फको यात्रा

## एउटा पाठकका ठोस उपलब्धिहरू

**6 महिना**

बोली नक्कल गर्छन्, उदाहरणको लागि, “ना-ना, गा-गा ।”

सामान्य चित्रहरूका तस्विरहरूमा रमाउँछन्

बोली मात्र रहन्छन्!

अनुहार, जनावर र वस्तुहरूको किताब पढ्छन् ।

**1 वर्ष**

विभिन्न खालका साधारण वाक्यांश बुझ्छन् ।

उनीहरूसँग एक वा धेरै शब्द हुन्छ । पल्ला उठाएर हेर्ने किताब मन पराउँछन् ।

स्टोलरलाई ठेल्दै गर्दा “कुराकानी” गर्छन् ।

अन्तरक्रियात्मक किताब पढ्छन् ।

**2 वर्ष**

उनीहरूसँग 250-350 शब्दहरू हुन्छ ।

किताब समाउँछन् र चित्रमा हेर्छन् ।

नर्सरी राइम पढ्छन् र भन्छन् ।

सँगै पुस्ताकलयमा गएर किताबहरू खोज्छन् ।

**3 वर्ष**

उनीहरूसँग 800-1000 शब्दहरू हुन्छ । साधारण राइमहरू दोहोर्याउँछन् ।

तपाईंले पढ्दै गर्दा चित्र र शब्दहरूमा इशारा गर्छन् छन्दको खेल खेल्छन्:

**4 वर्ष**

सहज रूपमा लामा वाक्यहरू प्रयोग गर्छन् ।

शब्दहरूको छन्द मिलाउन र खेल्न थाल्छन् ।

तपाईंले पढ्दै गर्दा नयाँ शब्दहरूमा ध्यान दिन्छन् । अरू परिस्थितिहरूमा यी शब्दहरू दोहोर्याउँछन् ।

**5 वर्ष**

उनीहरूसँग 3000-5000 शब्दहरू हुन्छ ।

अक्षरसँग ध्वनि मिलाउन सुरु गर्छन् ।

जटिल र मिश्रित वाक्य प्रयोग गर्छन् ।

चिन्हहरूमा भएका अक्षरहरूमा ध्यान दिन्छन् । अक्षरहरूको ध्वनिको बारेमा कुरा गर्छन् (“Mom र milk दुवैमा सुरुमा “mmm” को ध्वनि हुन्छ”) ।

**6 वर्ष**

पृष्ठहरूमा भएका शब्दहरू पढ्छन् ।

पढ्दा खेरी ज्ञान, चित्र र पाठ प्रयोग गरेर अनुमान गर्छन् ।

उनीहरूसँग काल्पनिक र गैर-काल्पनिक पुस्तक र पत्रिकाहरू उपलब्ध हुन्छ ।

संग्रहालयह र पुस्तकालय जान्छन् ।

**7 वर्ष**

शब्दहरू स्वचालित रूपमा पढ्न थाल्छन् । किताब पढेर र सुनेर ज्ञान विस्तार गर्छन् ।

पठनलाई प्रोत्साहित गर्न स्क्रिनमा बस्ने समय सीमित गर्नुहोस् ।

सरल पुस्तकहरूको पठन र पुन: पठनलाई प्रोत्साहित गर्नुहोस् ।

**8–9 वर्ष**

अध्याय भएका पुस्तकहरू पढ्छन् । अहिले वर्षमा 3,000 शब्दहरू जानिरहेका हुन्छन् ।

आफ्नो बच्चालाई ओछ्यानमा जाने समय अगाडि एक्लै पढ्ने तालिका विकास गर्न सहयोग गर्नुहोस् ।

## वयस्कहरूले बालबालिकाको भाषा र पठनमा सहयोग गर्ने तरिकाहरू

बच्चाको ज्ञान निर्माण गर्न जन्मबाट नै बोल्ने र पठन गर्ने बानी बसाउनुहोस् । गीतहरू गाउनुहोस् र खेलहरू खेल्नुहोस् । भाषा बढाउन उनीहरूलाई उनीहरूले भनेका कुराहरू बुझाउनुहोस् । त्यसपछि गाडीमा के भयो, तपाईंले समाचारमा के देख्नुभयो, तपाईंले रेडियोमा के सुन्नुभयो— भन्ने बारेमा आफ्नै कथाहरू भन्नुहोस्—र उनीहरूलाई पनि आफ्नो भन्न प्रोत्साहित गर्नुहोस् । पढ्ने बानी बसाउनुहोस् । शिशुहरू चित्रका साधारण किताब हेर्दै आफूलाई बोकेको र आफूसँग बोलेको कुरामा रमाउँछन् । बामे सरेर हिँड्ने बच्चाहरू पल्ला उठाएर चित्र हेर्न र बनावट महसुस गर्न र राइम सुन्न मन पराउँछन् । 4-9 वर्ष उमेरका बालबालिका लामो कथा र मनपर्ने कथा र गैर-काल्पनिक पुस्तकहरू दोहोर्याएर पढ्न मन पराउँछन् । अध्याय भएका पुस्तकहरू ठूलो स्वरमा पढ्ने कुरामा ध्यान दिनुहोस्— बच्चालाई सुरुमा सुन्ने काम गाह्रो लाग्छ तर अभ्यासको साथमा सजिलो हुन्छ; आफ्नो पठन क्षमता बाहिरका राम्रा कथाहरू सुन्ने कुरा बच्चाको भाषाको विकासको लागि बहुमूल्य छ । उस्तै हेरचाहकर्ता र बालबालिकाका लागि सँगै पढ्ने कुरा एकदम रमाइलो हुन्छ ।

श्रोत Lesaux, N., “Turning the Page: Refocusing Massachusetts for Reading Success,” Strategies for Children, 2010.



# जान्नु पर्ने केही सहयोगी शब्दावली

बाल रेखदेख प्रदायक र शिक्षकहरूले तपाईंसँग तपाईंको बच्चाले कसरी पठन गर्न सिक्दै छन् भन्ने बारेमा कुरा गर्दा तल दिइएका केही शब्दावलीहरू प्रयोग गर्न सक्छन् । तपाईंले यी शब्दावलीहरूबाट धेरै शब्दावलीहरू यो पात्रोमा प्रयोग भएको पाउनु हुनेछ ।

- **वर्णमालासम्बन्धी ज्ञान**—वर्णमालाका अक्षरहरूको नाम र आकार जान्नु
- **ठूला किताबहरू**—ठूला आकारका किताबहरू जसले बालबालिकाहरूलाई मुद्रण र चित्रण साझेदारी गर्न दिन्छ ।
- **सम्मिश्रण**—व्यक्तिगत आवाजहरू जोडेर बोलचालको शब्द बनाउनु ।
- **विकासशील हिज्जे**— शब्दहरू लेख्ने प्रयासमा अक्षर-ध्वनिको सम्बन्धको जानकारीको प्रयोग ।
- **जन्मगत साक्षरता**—साक्षरता जन्मबाट सुरु हुन्छ र वयस्कहरूसँगको सहभागितामा अर्थपूर्ण पठन र लेखनका क्रियाकलापहरू मार्फत प्रोत्साहित गरिन्छ भन्ने विचार ।
- **वातावरणीय मुद्रण**—दैनिक जीवनका हिस्साको रूपमा रहेको मुद्रण, जस्तै चिन्हहरू, बिलबोर्डहरू, लेबलहरू र व्यापारिक प्रतिक चिन्हहरू ।
- **प्रयोगात्मक लेखन**—बनावटी र वास्तविक अक्षरहरू सिर्जना गरेर र कागजका कोरकार र  चिन्हहरू मिलाएर युवा बालबालिकाको लेखनमा परीक्षण गर्ने प्रयासहरू ।
- **आविष्कार गरिएको हिज्जे**—विकासशील हिज्जे हेर्नुहोस् ।
- **साक्षरता**—ले बोल्ने, सुन्ने, पढ्ने, लेख्ने र बोलचाल र लिखित दुवै भाषाको प्रशंसामा संलग्न हुने सबै क्रियाकलापहरूलाई समेट्छ ।
- **स्वनिम**—बोलीचालीको भाषाको सबैभन्दा साना भागहरू जुन मिलेर शब्दहरू बन्छ । उदाहरणको लागि, hit भन्ने शब्द तीन वटा स्वनिमले बनेको छ (/h/ /i/ /t/) र एउटा स्वनिमले pit, hip र hot शब्दहरू भन्दा फरक छ ।
- **स्वनिमिक बोध**—बोलीचालीको भाषामा भएका अलग-अलग ध्वनिहरू याद गर्ने र प्रयोग गर्ने क्षमता ।
- **ध्वनिसम्बन्धी बोध**—बोलीचालीको भाषा एक-एक र फरक-फरक ध्वनिहरूबाट बनेको छ भन्ने बुझाइ । स्वनिमका अतिरिक्त, ध्वनिसम्बन्धी बोधका गतिविधिहरूले राइम, शब्द, वाक्य वा उच्चारण-एकाइको कार्यलाई समेट्न सक्छ ।
- **बनावटी पठन**—आफूले पठन गर्न सिक्नु अगाडिको बालबालिकाको "पठन" को प्रयास । साधारणतया बालबालिकाहरू एउटा परिचित पुस्तक व्यवहारिक रूपमा कण्ठ भए जसरी नै पढ्छन् ।
- **मुद्रणको ज्ञान**—मुद्रण र किताब र किताबहरू कसरी प्रयोग हुन्छन् भन्ने कुराको बारेमा थाहा पाउनु ।
- **विभाजन**—ध्वनि अनुसार बोलीचालीको भाषा विभाजन गर्नु
- **बोलीचालीको भाषा**—बोल्न र सुन्न प्रयोग हुने भाषा; यो लिखित भाषाको ठीक उल्टो छ; जुन लेखन र पठनमा प्रयोग हुने भाषा हो ।
- **उच्चारण-एकाइ**—स्वर वर्ण भएको शब्दको भाग, वा बोलीचाली भाषामा, एउटा स्वर भएको ध्वनि (e-vent, news-pa-per, pret-ty)
- **शब्दावली**—प्रभावकारी रूपमा संवाद गर्न हामीले जान्ने पर्ने शब्दहरू । मौखिक शब्दावलीले हामीले बोल्न वा सुनेको कुरा पहिचान गर्न प्रयोग गर्ने शब्दहरूलाई जनाउँछ । पठनका शब्दावलीले हामीले मुद्रणमा पहिचान गर्ने वा प्रयोग गर्ने शब्दहरूलाई जनाउँछ ।

# किन घरमा हरेक दिन 20 मिनेट पठन गर्ने ?

**विद्यार्थी "A" ले:**

प्रति दिन **20 मिनेट** पठन गर्छन्
प्रति विद्यालय वर्ष = **3,600 मिनेट**
प्रति वर्ष = **1,800,000 शब्दहरू**
**मानकीकृत परीक्षामा 90 औं शतांशमा अङ्क ल्याउँछन्**

**विद्यार्थीले "B" ले:**

प्रति दिन **5 मिनेट** पठन गर्छन्
प्रति विद्यालय वर्ष = **900 मिनेट**
प्रति वर्ष = **282,000 शब्दहरू**
**मानकीकृत परीक्षामा 50 औं शतांशमा अङ्क ल्याउँछन्**

**विद्यार्थीले "C" ले:**

प्रति दिन **1 मिनेट** पठन गर्छन्
प्रति विद्यालय वर्ष = **180 मिनेट**
प्रति वर्ष = **8,000 शब्दहरू**
**मानकीकृत परीक्षामा 10 औं शतांशमा अङ्क ल्याउँछन्**

एकजना विद्यार्थी किन्डरगार्टनमा घरमा प्रति दिन 20 मिनेट पढ्न सुरु गर्छन् भने, ग्रेड 6 को अन्त्यमा, विद्यार्थी A ले 60 विद्यालय दिन बराबर पढेका हुने छन्, विद्यार्थी B ले 12 विद्यालय दिन बराबर पढेका हुन्छन्, र विद्यार्थी C ले 3 विद्यालय दिन बराबर पढेका हुन्छन् । पठन अनुभवको यो अन्तर र फलस्वरूप प्राप्त हुने शब्दावलीको ज्ञान समय अनुसार बढ्दै जान्छ ।

## राम्रो पाठक बन्न चाहनुहुन्छ ? बस

**R** — पुस्तक दोहोर्याउनुहोस्
**E** — व्यस्त हुनुहोस् र मजा लिनुहोस्
**A** — प्रश्नहरू सोध्नुहोस्
**D** — थप गर्नुहोस्

"READ" Rollins Center for Language and Literacy, 2017 बाट लिइएको हो (*www.readrightfromthestart.org*)। अनुमति लिएर प्रयोग गरिएको ।

थप जानकारी र आफ्नो बच्चाको सहयोगको लागि भवनका निर्देशकलाई सम्पर्क गर्नुहोस् ।

# प्रायोजकहरू

यो पात्रो समुदायमा साक्षरतालाई बढवा दिन Ingham Intermediate School District, WKAR, Capital Area District Libraries, र Ingham Great Start Collaborative को साझेदारीमा पूरा गरिएको हो ।

Ingham Intermediate School District
A Regional Educational Service Agency

WKAR
PBS | npr

Capital Area District Libraries

Great Start Collaborative
Ingham

# FAMILY LITERACY CALENDAR WORKGROUP

Effie Alofoje-Carr, अभिभावक
Jessica Baker, अभिभावक
Tara Becker-Utess, Ingham Intermediate School District
Wendy Boyce, Ingham Great Start Collaborative
Jennifer Bricarell, Ingham Intermediate School District
Laura Colligan, Ingham Intermediate School District
Kae Dubay, अभिभावक
Marisela Garza, Capital Area District Library
Heidi Gascon, Ingham Intermediate School District
Jolee Hamlin, Capital Area District Library
Corrie Meryn, Ingham Intermediate School District
Jen McCloud, Ingham Intermediate School District
Michelle Nicholson, Ingham Intermediate School District/Ingham Great Start Collaborative
Robin Pizzo, WKAR
Shelly Proebstle, Ingham Intermediate School District
Stephanie Thelen, Ingham Intermediate School District
Mary Jo Wegenke, Ingham Intermediate School District

# धन्यवाद

प्रेरणा र Ingham Early Learning Calendar को सामाग्री प्रयोग गर्ने अनुमतिका लागि Early Learning Calendar Workgroup लाई विशेष धन्यवाद ।

यी सामाग्रीहरू मिशिगन शिक्षा विभाग र संयुक्त राज्य अमेरिकाको शिक्षा विभागले प्रदान गरेको अनुदान अन्तर्गत विकास गरिएको हो ।